# विदुर खानेपानी तथा सरसफाई उपभोक्ता संस्था


विदुर, नुवाकोट

फोन नं. ०१०-५६०३३०, ५६०२३२




विदुर न.पा. वडा नं. २ बाराहीस्थित खानेपानी रिजर्भवायर ट्यांकी

## दशौं साधारणसभा तथा नवौं अधिवेशन

८ देखि १३ मंसिर, २०८२

# कार्यक्रम तथा प्रगति विवरण

# कार्य समितिका पदाधिकारीहरू



सन्जिव बहादुर श्रेष्ठ
अध्यक्ष



नवराज न्यौपाने
उपाध्यक्ष



राजेन्द्र पाण्डे
सचिव



अम्बिका चित्रकार खनाल
कोषाध्यक्ष



बिष्णुमाया डंगोल
महिला सदस्य



सीता अधिकारी
महिला सदस्य



कृष्ण प्रसाद भट्ट
सदस्य



दिपक बहादुर तिमिल्सिना
सदस्य



लव प्रसाद न्यौपाने
सदस्य

# विदुर खानेपानी तथा सरसफाई उपभोक्ता संस्था

विदुर, नुवाकोट

## दशौं साधारणसभा तथा नवौं अधिवेशन

## ८ देखि १३ मंसिर, २०८२

# कार्यक्रम तथा प्रगति विवरण

**मा. बहादुर सिंह लामा तामाङ**
**निवर्तमान मुख्यमन्त्री, बागमती प्रदेश**
**प्रदेश सभा सदस्य**
**नुवाकोट २ (ख)**



## शुभकामना

नुवाकोट जिल्लामा जनताको आधारभुत आवश्यकताको रुपमा रहेको गुणस्तरिय खानेपानीको आपुर्तिका लागि सदैव अग्रणी भुमिका निर्भाह गर्दै आइरहेको यस विदुर खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको दशौं बार्षिक साधारण सभा तथा नवौं अधिवेशन यहि २०८२ साल मंसिर ८-१३ गते सम्पन्न हुन गैरहेकोमा उक्त अवसरमा संस्था प्रति हार्दिक शुभकामना व्यक्त गर्दछु ।

संस्थाले स्थापना काल देखि हाल सम्म विभिन्न आरोह र अवरोहहरु व्यहोर्दै विदुर नगरबासीहरुलाई खानेपानीको सुविधा उपलब्ध गराउँदै आएको सर्व विदितै छ । वि.स. २०५२ सालमा विदुर नगरबासीलाइ एक घर एक धारा भन्ने मुल मर्मका साथ स्थापना भएको यस संस्था आज एक समुदायमा आधारित एक सफल संस्थाको रुपमा स्थापित भैसकेको छ । भविष्यमा समेत नगरको माग बमोजिम पानीका श्रोतहरुको व्यवस्थापन, गुणस्तर नियमन र वितरण व्यवस्थापन मार्फत नगरबासीको जीवनको आधारभूत आवश्यकताको रुपमा रहेको स्वच्छ पानीको नियमित आपुर्तिका लागि संस्था सदैव सफल हुने विश्वास लिएको छु ।

जिल्लामा खानेपानी आपुर्तिको आवश्यक व्यवस्थापनका लागि मेरो तर्फबाट नियमित साथ र सहयोग हुने समेत म यसै शुभकामना पत्र मार्फत अवगत गराउन चाहन्छु। यसै क्रममा विगतमा मैले बागमती प्रदेश सरकारको नेतृत्व गर्दै गर्दा जिल्लाको विदुर लगायत ग्रामीण क्षेत्रमा समेत जनताको खानेपानीमा पहुँच विस्तारका लागि खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय स्थापनाको प्रवन्ध गरेको र बिदुर खानेपानीको मुहानमा रहेको समस्यालाई दिर्घकालिन रुपमा समाधान गर्नको लागि बजेटको व्यवस्था गरेको साथै जिल्लामा प्रदेश सरकारको लगानी प्रोत्साहन गरेको यहाँहरुलाई जानकारी गराउन चाहन्छु । हामी सबैको साझा प्रयासले विदुर नगरपालिका र समग्र नुवाकोट जिल्लालाइ एक सुव्यवस्थित नगरीको रुपमा कायम राख्न सकिने विश्वास लिएको छु। यसका लागि आवश्यक सहयोग र पहलका लागि म सदैव तत्पर रहेको जानकारी गराउँदै पुनः संस्थाको अधिवेशनको सुअवसरमा सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद । जय नेपाल ।।

विक्रम सम्वत २०८२ मंसिर ५ गते रोज ६।।

बहादुर सिंह लामा तामाङ



**माननीय रामप्रसाद ढुंगाना**
**प्रदेश सभा सदस्य, बागमती प्रदेश, नुवाकोट-२ (क)**

## शुभकामना



विदुर खानेपानी तथा सरसफाई उपभोक्ता संस्था, विदुर, नुवाकोटको यही मिति २०८२ साल मंसिर ८-१३ गते सम्पन्न हुन गइरहेको दशौं बार्षिक साधारणसभा तथा नवौं अधिवेशनको शुभ अवसरमा संस्थाको कार्यक्रम तथा प्रगति विवरण पुस्तिकामा शुभकामना व्यक्त गर्न पाउँदा म अत्यन्तै हर्षित भएको छु । विदुरवासीलाई खानेपानीको सहज आपूर्ति र व्यवस्थापनको लागि अहोरात्र खटिनुहुने यस संस्थाका सम्पूर्ण पदाधिकारीहरु प्रति कृतज्ञता जाहेर गर्दछु । आगामी दिनहरूमा सर्वसुलभ, गुणस्तरीय तथा सहज रूपमा पर्याप्त शुद्ध खानेपानीको व्यवस्थापन गराउन यस खानेपानी तथा उपभोक्ता संस्था सक्षम रहने अपेक्षा राख्दछु । आम सर्वसाधारणलाई स्वच्छ खानेपानी उपलब्ध गराउन संस्थालाई आवश्यक सहयोग सदैव गर्नेछु ।

अन्त्यमा, संस्थाको निवर्तमान कार्यसमितिको योगदानको कदर गर्दै हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै दशौं बार्षिक साधारण सभा तथा नवौं अधिवेशन भव्य सफलता र सक्षम नयाँ नेतृत्व चयन गर्न सफल हुनेछ भन्ने अपेक्षा राख्दै बन्ने नयाँ कार्यसमितिलाई अग्रिम वधाई तथा सफल कार्यकालको शुभकामना दिन चाहन्छु ।

धन्यवाद ।

५ मंसिर २०८२

**माननीय रामप्रसाद ढुंगाना**
**प्रदेश सभा सदस्य, बागमती प्रदेश**
**नुवाकोट २ (क)**

# विदुर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

विदुर, नुवाकोट

वागमती प्रदेश, नेपाल

फोन: ०१०-५६०४६९

प.सं. : ०८२/०८३

च.नं. :



## शुभकामना मन्तव्य

**विदुर नगरवासीलाई स्वच्छ खानेपानी माथि सहज पहुंच स्थापित गराउन अनवरत लागि परेको विदुर खानेपानी तथा सरसफाई उपभोक्ता समितिको नवौं अधिवेशन र दशौं वार्षिक साधारणसभाको उपलक्ष्यमा म सम्पूर्ण विदुर नगरवासी र विदुर खानेपानी उपभोक्ता तथा सरसफाई समितिलाई शुभकामना व्यक्त गर्दछु ।**

**खानेपानी जस्तो अति आवश्यक र आधारभूत आवश्यकतालाई पूरा गर्न विदुर खानेपानी उपभोक्ता समितिले विगत २५ वर्षदेखि गरेको मेहेनत र सामुहिक प्रयास स्वरुप नै आज विदुर नगर क्रमश खानेपानीको सहज अवस्थातर्फ उन्मुख छ । यो संयुक्त प्रयासको स्मरण गर्दै म विदुर खानेपानीतथा सरसफाई उपभोक्ता संस्थालाई शहरमा मात्र सिमित नभई सिङ्गो नगरभित्रका जनतालाई सफा र स्वच्छ पानी खुवाउने अभियानमा विदुर नगरपालिका सगै सहकार्य गरी खानेपानीको नियमित आपूर्ति जवाफदेही, पारदर्शी, सेवा प्रवाह र सामुहिक विश्वास सहितको नेतृत्व स्थापित गर्न सफलता मिलोस् भन्ने शुभेच्छा प्रकट गर्दछु ।**

**जनता संग प्रत्यक्ष जोडिएको अति नै संवेदनशिल क्षेत्र साफा नेतृत्व र सामुहिक प्रयासमा मात्र कुनै पनि आधारभूत आवश्यकता अनुसार विदुरका ७ वटा वडावासीहरुलाई नियमित सफा, स्वच्छ र सर्वसुलभ खानेपानी आपूर्ति निरन्तर भईरहोस् भन्दै यस नवौं अधिवेशन तथा दशौं साधारणसभाले सक्षम नेतृत्व चुन्न सकोस् भन्ने शुभकामना सहित हार्दिक बधाई ज्ञापन गर्दछु ।**

**प्रभा बोगटी**
**उप-प्रमुख**
**विदुर नगरपालिका**





नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

नुवाकोट

प.सं:- २०८२/०८३

मितिः- २०८२/०८/०५



## शुभ-कामना

श्री विदुर खानेपानी तथा सरसफाई उपभोक्ता संस्था, विदुर, नुवाकोटले आफ्नो दशौं साधारण सभा तथा नवौं अधिवेशन सम्पन्न गर्न तथा यस अवसरमा संस्थाले आफ्ना कार्यक्रम, प्रगति तथा गतिविधहरु समेटी पुस्तिका प्रकाशन गर्न लागेकोमा खुशी लागेको छ।

नेपालको संविधानको धारा ३५ ले स्वच्छ खानेपानी तथा सरसफाई लाई मैलिक हकको रुपमा व्यवस्था गरेको छ। यसर्थ आम नागरिकमा शुद्ध पिउने पानीको व्यवस्था गर्नु राज्यको दायित्व हो। यसका लागि खानेपानीको व्यवस्थापनमा संलग्न सबै तहका सरकार र सम्बन्धित संस्थाहरुले जिम्मेवारी बोध गर्नु जरुरी छ। विदुर खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले आफ्नो साधारण सभामा यस सम्बन्धमा गहन छलफल गरी आगामी दिनमा संस्थाको सेवालाई अझ प्रभावकारी बनाउन आवश्यक योजना निर्माण गर्नेछ भन्ने विश्वास लिएको छु।

अन्त्यमा, आफ्नो कार्यक्षेत्र भित्र खानेपानी आपूर्तिमा पुऱ्याएको योगदानको प्रशंसा गर्दै आगामी दिनमा विदुर नगरपालिकाभित्र सुरक्षित, सफा र पिउनयोग्य पानीको पूर्ण र दीर्घकालीन रूपमा सुव्यवस्था गरी आफूलाई खानेपानी उपभोक्ता समिति मध्येकै अग्रणी र प्रेरणादायक समितिका रूपमा स्थापित गर्न समितिलाई सफलता मिलोस् । हार्दिक शुभकामना ।

(शशीधर घिमिरे)
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रहरी कार्यालय**
( प्रशासन शाखा )

कन्ट्रोल: १००
फोन: ०१०-५६०१९९
९८५१२८२८११
फ्याक्स : ०१०-५६११९९
विदुर, नुवाकोट

पत्र संख्या: २०८२/०८३ च.नं. मिति: २०८२।०८।०५

प्रा.प.सं. :



## शुभकामना

नुवाकोट जिल्लाको सदरमुकाममा रहेको श्री बिदुर खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको नवौं अधिवेशनको अवसरमा आफ्नो कार्यक्रम तथा प्रगति विवरण पुस्तिका प्रकाशन गर्न लागेको जानकारी पाउँदा अत्यन्तै खुशी महसुश गरेको छु।

वर्तमान परिप्रेक्ष्मा यस संस्थाबाट सम्पादन हुने कार्यक्रम तथा प्रगतिहरुले आगामी दिनमा आफ्ना उपभोक्ता तथा सरोकार राख्ने समस्त समुदायमा सकारात्मक प्रभाव पार्ने र स्वच्छ खानेपानीको नैसर्गिक अधिकार सुनिश्चित गर्नमा संस्थाको सधै उच्च प्राथमिकता रहनेमा विश्वास गर्दछु।

साथै संस्था तथा उपभोक्तहरुको उत्तरोत्तर प्रगतिको कामना गर्दै संस्थाबाट प्रदान हुने सेवा तथा गुणस्तरमा आगामी दिनमा समेत थप सफलता हासिल हुनेछ भन्ने कुरामा विश्वस्त छु र अन्त्यमा प्रकाशनको पूर्ण सफलताको कामना व्यक्त गर्दछु।

धन्यवाद जय नेपाल !

कार्यालय प्रमुख
दुर्गाराज रेग्मी
प्रहरी उपरीक्षक

Website: https://dpo.nepalpolice.gov.np, E-mail: dponuwakot@nepalpolice.gov.np, dnuwakot@gmail.com





नेपाल सरकार
खानेपानी मन्त्रालय
खानेपानी तथा ढल व्यवस्थापन विभाग
शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना
**आयोजना व्यवस्थापन कार्यालय**

☎ ४४२२२३१
४००६६४५
४००६५४६
४४१३२८०
फ्याक्स : ४४१६६२८
पानीपोखरी, काठमाडौं
इमेल : info@uwssp.gov.np
stwsssp@dwss.gov.np

मिति :- २०८२/०८/०४

प.सं.:-

च.नं.:-



## शुभकामना

नेपाल सरकारको सहरी खानेपानी तथा सरसफाई नीति २०६६ तथा नेपाल सरकारद्वारा स्वीकृत १५ वर्षीय विकास योजना २०७१ मा सुचिकृत १७६ बटा साना शहरहरुमा चरणवद्ध रुपले स्वच्छ, गुणस्तरीय तथा सुलभ खानेपानी तथा सरसफाई सेवा सुविधा उपलब्ध गराउने र विस्तार गर्दै जाने लक्ष्य अनुरुप एशियाली विकास बैंकको ऋण सहयोग, नेपाल सरकार तथा उपभोक्ताको सहलगानीमा तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाको आ.व. २०७१/७२ देखी आ.व. २०७७/७८ सम्म सञ्चालन भई २१ बटा नगर आयोजनाहरु सम्पन्न सकेका छन्। साथै आयोजनालाई थप भरपर्दो बनाउन सहरी खानेपानी तथा सरसफाई (क्षेत्रगत) आयोजना अन्तर्गत वैकल्पिक स्रोतका लागि पम्पिङ सिस्टम समेत जडान भएको छ। तेस्रो साना सहरी खानेपानी तथा सरसफाई आयोजना मध्येका विदुर तेस्रो खानेपानी तथा सरसफाई आयोजना सम्पन्न भई बिदुर नगरपालिकाका केहि वडाहरुलाई स्वच्छ खानेपानी तथा सरसफाईको सुविधा उपलब्ध भएकोमा हामी गौरवान्वित छौं।

विदुर खानेपानी तथा सरसफाई उपभोक्ता संस्था, नुवाकोटले विदुर तेस्रो साना सहरी खानेपानी तथा सरसफाई आयोजनालाई अहिलेको अवस्था सम्म पुऱ्याउन गर्नु भएको योगदान तथा भुमिका प्रशंसनिय रहेको छ। उपभोक्ता संस्थाबाट संस्थाको साधारण सभा तथा अधिवेसनमा कार्यक्रम तथा प्रगती विवरण पुस्तिका प्रकाशन गरि आयोजना स्तरमा हाल संचालन भैरहेका गतिविधि, प्रगती सम्बन्धी जानकारीमूलक सन्देश तथा सूचना सरोकारवालाहरुका साथै जनस्तरमा संप्रेषण गर्ने उद्देश्यले "कार्यक्रम तथा प्रगती विवरण पुस्तीका" प्रकाशन गर्न लागेकोमा म अत्यन्तै हर्षित छु। साथै यस अवसरमा विदुर तेस्रो साना सहरी खानेपानी तथा सरसफाई मूल उपभोक्ता समिति आम उपभोक्तालाई पर्याप्त भरपर्दो र सुरक्षित खानेपानी सेवा उपलब्ध गराउने कार्यमा थप सशक्त बनोस भन्ने कामना तथा संस्थाको थप उत्तरोत्तर प्रगतिको हार्दिक शुभ-कामना व्यक्त गर्न चाहन्छु।

सुरत कुमार बम
आयोजना निर्देशक

आयोजना व्यवस्थापन कार्यालय
**शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना**
पानीपोखरी, काठमाडौं
**आयोजना निर्देशक**

स्थायी लेखा नं. ३०१३३०३०२

# नगर विकास कोष

पोष्ट बक्स नं. : ५१४४
नयाँ बानेश्वर,काठमाडौं

पत्र संख्या :
चलानी नं. :



**शुभकामना**

तेस्रो साना शहरी खानेपानी आयोजना अन्तर्गत निर्माण तथा सञ्चालनमा आएको यस विदुर खानेपानी तथा सरसफाई आयोजनाको सेवा प्रदायक संस्था विदुर खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले दशौं साधारणसभा तथा नवौं अधिवेशन गर्न लागेको थाहा पाउँदा खुसी लागेको छ। जटिल भौगोलिक अवस्थाका विच झण्डै पाँच हजार घरधुरीलाई खानेपानी उपलब्ध गराउदै आएको यस खानेपानी उपभोक्ता संस्थाको दशौं साधारणसभा तथा नवौं अधिवेशनको पूर्ण सफलताको कामना गर्दछु। लगानीका हिसावले तेस्रो साना शहरी खानेपानी आयोजनाहरु मध्ये सबैभन्दा ठूलो यस खानेपानी आयोजनाले भौगोलिक तथा प्राविधिक जटिलताका वावजुत उपभोक्ताहरुलाई स्वच्छ खानेपानी उपलब्ध गराउदै आएको छ। यस प्रक्रियामा संलग्न खानेपानी उपभोक्ता समिति तथा अन्य सरोकारवाला संस्थाहरु धन्यबादका पात्र हुनुहुन्छ। विगतमा देखिएको प्राविधिक जटिलतालाई समाधान गर्दै दिर्घकालिन रुपमा खानेपानीको समस्याको समाधानका लागि हाल स्तरोन्नतीको कार्यक्रम सम्पन्न हुने क्रममा रहेको र यसको सम्पन्नता सगैं सेवा अझ सुलभ र सहज हुने अपेक्षा लिएको छु। वार्षिकोत्सवको अवसर पारेर हालसम्मका प्रगति र प्रयासहरुलाई समेटी प्रकाशन गर्न लागेको पुस्तिकाको माध्यमबाट उपभोक्ताहरुलाई संस्थाका गतिविधिहरु र आयोजनाका बारे जानकारी लिन अझ सहज हुने अपेक्षा राखेको छु।

अधिवेशन सहितको साधारण शभा पनि भएकाले पक्कै यस खानेपानी आयोजनालाई थप विकसित र मजबुत बनाउने नेतृत्व चयन हुने विश्वास लिदै पुनः एक पटक संस्थाको नवौं अधिवेशन एवं साधारण शभा तथा पुस्तिका प्रकाशनको शुभकामना दिन चाहन्छु।

.....................Binod
इ.विनोद प्रकाश पण्डित
कार्यकारी निर्देशक
मिति:२०८२/०८/०४

फोन नं. : ४४९३८६६ ४४६४८७७ ४४६४६४१ ४४७१२२७, इमेल: tdf@tdf.org.np, Website: www.tdf.org.np





बागमती प्रदेश सरकार
खानेपानी, उर्जा तथा सिचाई मन्त्रालय
खानेपानी तथा सरसफाइ डिभिजन नं. ६
नुवाकोट
फोन नं. :०१०५६००६२
ईमेल : pr3wssd6@gmail.com

पत्र संख्या : ०८२/०८३
चलानी नं. : २०६

मिति :- २०८२/७/२५



विषय :- **शुभकामना।**

नेपालको संविधान बमोजिम देशमा संघ, प्रदेश र स्थानिय गरि तीन तहको सरकार रहेको छ। संविधान प्रदत अधिकार तथा स्वीकृत कार्य विभाजन नियमावली अनुसार तिनवटै सरकारहरुबाट गरिने कार्य विभाजन गरिएको छ।प्रदेश सरकार कार्य सञ्चालन विभाजन नियमावलीमा तोकिएको कार्य जिम्मेवारीहरु वमोजिम बागमती प्रदेशका नुवाकोट र रसुवा दुई वटा जिल्लाहरुमा खानेपानीका क्षेत्रमा विभिन्न कार्यहरु सम्पादन गर्दै आईरहेको छ। खानेपानी योजना निर्माण (ग्राभिटी, पम्पिङ, खानेपानी गुणस्तर सुधार), ढल निकाससंग सम्बन्धित आयोजनाहरु सञ्चालन र मर्मत सम्भार लगायतका कार्यहरु यस डिभिजनले सम्पादन गरिरहेको छ। यस डिभिजनको सोच स्वच्छ, सर्वसुलभ र दिगो खानेपानी तथा सरसफाई सेवा रहेको तथा उदेश्य जिल्ला भित्र बसोबास गर्ने नागरिकलाई आधारभूत खानेपानी सेवा पर्याप्त तथा सर्वसुलभरुपमा उपलब्ध गराउने र मध्यम तथा उच्च गुणस्तरको खानेपानी सुविधाको पहुँच विस्तार गर्ने, जिल्ला भित्रका सम्पूर्ण घरधुरीमा आधारभूत सरसफाई सुविधाको प्रत्याभूत गर्दै पुर्ण सरसफाई तर्फ उन्मुख गर्ने, जलवायु प्रभाव लगायतका कारण सुख्खाग्रस्त बन्दै गैरहेका स्थानहरुमा भूमिगत पानी पुनर्भरण, जलाधार क्षेत्र तथा मुहान संरक्षण गरी पानीको श्रोतको दिर्घकालीन व्यवस्थापन गर्ने रहेको तथा रणनीति आधारभूत खानेपानी सुविधा नपुगेका र सुख्खाग्रस्त क्षेत्रहरुलाई उच्च प्राथमिकतामा राखी लिफ्टिङ्ग तथा पम्पिङ्ग प्रविधिमा आधारित खानेपानी आयोजनाहरु सञ्चालन गर्ने। मध्यम तथा उच्चस्तर खानेपानी सेवा विस्तारको लागि खानेपानी गुणस्तर सुधार आयोजनाहरुलाई प्राथमिकता दिई शहर र शहरोन्मुख तथा बजार क्षेत्रमा खानेपानी सेवाको स्तरवृद्धि गर्ने।खानेपानी आयोजना निर्माण, मर्मत सम्भार तथा व्यवस्थापनमा वैकल्पिक वितीय स्रोत तथा जनशक्ति परिचालन गर्ने। सबै घरधुरीमा शौचालय निर्माण, सतही ढल तथा ढल प्रशोधन प्रणालीको विकास गरी वातावरणीय स्वच्छता कायम गराउने रहेको छ। जस अन्तर्गत बिदुर खानेपानी तथा सरसफाइ आयोजनाका केही वडाहरुका लागि स्वच्छ खानेपानी तथा सरसफाइको सुविधा उपलब्ध भएकोमा यो डिभिजन नं. ६ गौरवान्वित छौं।

विदुर खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था, विदुर नुवाकोटले यस डिभिजनबाट गरेको कार्यलाई यहासम्म पु-याउन गर्नु भएको योगदान तथा भुमिका प्रशंसनिय देखिएको छ। संस्थाको कार्यक्रम तथा प्रगती विवरण पुस्तिका प्रकाशन गरि सेवा क्षेत्रमा संचालन भई रहेको गतिविधि, प्रगती सम्बन्धी जानकारीमूलक सन्देश तथा सूचना सरोकारवालाहरुका साथै जनस्तरमा संप्रेषण गर्ने उदेश्यले " कार्यक्रम तथा प्रगती विवरण पुस्तीका " प्रकाशन गर्न लागेकोमा म अनयन्तै हर्षित छु। साथै यस अवसरमा विदुर खानेपानी तथा सरसफाइ उपभोक्ता संसथाको उतरोतर प्रगतीको कामना सहित शुभकामना व्यक्त गर्न चाहन्छु।

.....................
दिलीप कुमार
नि.डिभिजन प्रमुख

दिलीप कुमार
प्रमुख डिभिजन प्रमुख

खानेपानी तथा सरसफाइ डिभिजन नं. ६, नुवाकोट

# शुभकामना



सर्वप्रथम विदुर खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले मिति २०८२ मंसिर ८ देखि १३ सम्म गर्न लागेको दशौं साधारण सभा तथा नवौं अधिवेशनमा संस्थाको गतिविधीबारे बार्षिक तथा प्रगति प्रतिवेदनहरु राखी पुस्तिका प्रकाशन गर्न लागेकोमा खुसी व्यक्त गर्दछु । नुवाकोट जिल्लाको सदरमुकाम विदुर लगायत सम्पूर्ण नगरवासीलाई एक घर एक धारा भन्ने मर्मलाई आत्मसाथ गर्दै सरलता र सुलभताका साथ स्वच्छ र सफा खानेपानी उपलब्ध गराउने उद्देश्यका साथ यस उपभोक्ता संस्थाको २०५२।११।११ मा तत्कालीन जिल्ला जलश्रोत समितिमा दर्ता भई स्थापना भएको हो । यस संस्थाले २९ औं वर्ष पार गरिसकेको छ । विगतमा खोला नाला कुवा पँधेराबाट दैनिक रुपमा आवश्यक पानीको आपूर्ति गर्दै आइरहेको थियो । यथास्थितिमा खानेपानीलाई नगरवासीहरुको चाहना अनुसार समयानुकुल बनाउँदै निकै ठूलो आरोह अवरोधका बाबजुद पनि वर्तमान सम्म आइपुगेको छ । यस खानेपानी संस्थालाई नेपाल सरकारबाट बजेट विनियोजित गरी सरल र सहज रुपमा उपभोक्ताहरुलाई पानी वितरण गरिनुपर्छ । यस संस्थाले ऋणबाट तेश्रो साना शहरी खानेपानी आयोजना संचालन गरिएको हुँदा ऋणको व्याज, किस्ता स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारले व्यहोर्नु पर्दछ ।

त्यसैले सबैसँग हातेमालो गरेर जान सक्ने सक्षम, योग्य र स्वच्छ व्यक्तित्वहरुको छनोट गर्न आवश्यक रहेकोले दशौं साधारणसभा तथा नवौं अधिवेशनबाट उक्त कार्य हुन्छ भन्ने आशा र विश्वासका साथ सफलताको शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

ठाकुर प्रसाद गजुरेल
संस्थापक अध्यक्ष







# शुभकामना

विदुर खानेपानी उपभोक्ता समिति २०४६ सालको जनआन्दोलन पश्चात २०५३ सालमा विदुर नगर पालिकाको एउटा कोठामा उपभोक्ता समितिको कार्यालय खडा भई सेवा गर्न सुरुवात भएको एउटा संस्था हो । जुन बेला हाम्रो यस नगरपालिका निजी धाराको अवधारणा भन्दा पनि सामुहिक धाराको बढी माग र आपूर्ति थियो । जुन बेला निजी धारा घरमा राख्न जडान गर्नोस, अब यो सामुहिक धारा विस्तारै विस्थापित गर्ने नीति समितिले अघि बढाएको छ भन्दा जडान गर्दैनौं भनेर जनता (उपभोक्ता) लाई कनभिन्स (सम्झाउन) नै ज्यादै कठिन पर्दथ्यो । तत्पश्चात समय वित्दै जाँदा मानिस चेतनास्तर वृद्धि हुँदै गएर होला निजी धारा जडान गर्न पाउँ भन्ने निवेदन यति धेरै माग बढ्दै गयो कि हाम्रो क्षमताले थेग्नै नसकिने गरी आउन थाल्यो । हामीमा वर्षाद्को समयमा फलाँखु खोलाको मुहान र नलगाउँ मुहान दुवैमा बाढी, पहिरो बारम्बार गई पानी आपूर्ति गर्नै नसक्ने अवस्था एकपछि अर्को ठूलो समस्याको रुपमा देखा पर्दै आएकोले सो समस्या समाधानको लागि पैरेवेशी मुहान गरी विदुर नगरपालिका पानी ल्याउन सुरुवात गरियो । यसले दिर्घकालीन समस्या समाधान हुने नदेखिएपछि एसियाली विकास बैंक मार्फत साना सहरी खानेपानी आयोजनाको सुरुवात भयो ।

स्वच्छ पानी पिउन पाउन पर्ने जनताको नैसर्गिक अधिकार हो । विदुर नगरपालिकामा बढ्दो जनसंख्या र अहिलेको अवस्थामा यो अधिकार सुरक्षित देखिँदैन किनेभने फलाखु खोला मुहान र नलगाउँ मुहान भरपर्दो र दरिलो अवस्था ५० वर्ष सम्म मागलाई थेग्न सक्ने अवस्था पुऱ्याउन अहिलेको संरचनाले थेग्न सक्तैन । हामीलाई यो विकल्प खोज्ने ठाउँ आसपासमा कतै देखिँदैन । हालको मुहानहरु बढीले क्षति पारेको अवस्थामा डिपबोरिङ्ग (फिफ्ट सिंचाई) लाई तयारी हालतमा राख्न जरुरत देखिन्छ । यी यावत समस्या समाधानको लागि अब बन्ने १० औं साधारण सभा र नवौं अधिवेशनबाट समय अनुकल चल्न सक्ने एक चुस्त समिति बन्न सफल होस् भनी हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मोहन बहादुर खड्का
पूर्व अध्यक्ष
विदुर खानेपानी तथा सरसफाई उपभोक्ता संस्था

# शुभकामना



बिदुर खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको मिति २०८२ मंशिर ८ देखि १३ सम्ममा हुन लागेको दशौं साधारण सभा तथा नवौं अधिवेशनमा संस्थाको गतिविधि एंव वार्षिक प्रगति प्रतिवेदन पुस्तिका प्रकाशन गर्न लागेकोमा खुशी ब्यक्त गर्दछु ।

बिदुर नगरबाशीहरुलाई सरल र शुलभताका साथ स्वच्छ खानेपानी उपलब्ध गराउने महान उद्धेश्यका साथ स्थापित संस्थाले विभिन्न आरोह अवरोहहरुलाई पार गर्दै मानव जिवनको अपरिहार्य खानेपानी र आम उपभोक्ताहरुकै चुल्हो चौको सम्म प्रत्यक्ष सरोकार राख्ने खानेपानीको सहजताको लागि यस संस्थाले कार्य गर्दै आएको भएतापनी हरेक बर्षायामको समयमा खानेपानी आपूर्तिमा देखिएको समस्या र आम उपभोक्ताहरुको गुनासोलाई बिदुर खानेपानी संस्थाले सम्बोधन गर्दै सहज, सरल, स्वच्छ र निरन्तर खानेपानीको ब्यवस्था गर्न बिदुर खानेपानी तथा सरसफाई उपभोक्ता संस्था सफल होस् साथै यस संस्था बिशुद्ध राजनैतिक संस्था भएकोले सबैलाई मिलाएर, सवैसंग हातेमालो गरेर नेतृत्व गर्न सक्ने स्वच्छ छवि भएका सक्षम र योग्य नेतृत्व चयन गर्न दशौं साधारण सभा तथा नवौं अधिवेशन सफल हुनेछ भन्ने विश्वाश ब्यक्त गर्दै पुर्ण सफलताको कामना गर्दछु ।

ओम प्रकाश श्रेष्ठ
पूर्व अध्यक्ष





# शुभकामना



मिति : २०८२।०७।२८

विदुर नगरपालिकाको विदुर नगरिका पाँच हजार भन्दा बढी घरपरिवारमा बसोबास गर्ने के महिला के बृद्धा, के बालबालिका सबै लिङ्गको, वर्गका, जातजातिका, धर्मका लाखौं आम उपभोक्ताहरुलाई स्वच्छ सफा पिउने पानी सेवा उपलब्ध गराउने कार्यमा तल्लिन हुन स्थापित विदुर खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको दशौं बार्षिक साधारणसभा तथा नवौं अधिवेशनको उपलक्ष्यमा शुभकामना व्यक्त गर्न पाउँदा म हृदयदेखि नै हर्षित भएको छु ।

आधुनिक युगमा मस्त र व्यस्त नागरिकलाई सरल र सहज ढंगले खानेपानी सेवा उपलब्ध गराउनमा समयसापेक्ष प्रविधिको प्रयोग गरी खानेपानी मुहान देखि चुहानसम्म गुणस्तरीय स्वच्छ सफा पानी ल्याउन नवौं अधिवेशनले आम सर्वसहमतीबाट चुस्त, दुरुस्त, सक्षम, कुशल र लगनशील नेतृत्व चयन गर्न सफलता मिलोस् भन्ने कामना गर्दै खानेपानी संस्थाको तथा आम उपभोक्ताको हितको लागि म सधैंभरी सहयोगीको रुपमा रहने प्रतिबद्धताका साथ हार्दिक शुभकामना व्यक्त गर्दछु ।

राजेन्द्र अर्याल
पूर्व अध्यक्ष
विदुर खानेपानी तथा सरसफाई
उपभोक्ता संस्था

# शुभकामना



मिति : २०८२।०७।२९

विदुर खानेपानी तथा सरसफाई उपभोक्ता संस्थामा २०७२ सालको विनासकारी भुकम्प, विश्व माहामारी कोभिड १९, गल्छी त्रिशूली स्याफ्रुवेशी सडकको विस्तार लगायत विभिन्न स्थानमा पाईप लाईन क्षति भई खानेपानी सञ्चालन गर्न अति नै कठिनाई भएकोमा खानेपानी विभागबाट सञ्चालित तेश्रो साना सहरी खानेपानी आयोजनाबाट उपभोक्ताहरुमा सहज रुपमा खानेपानी वितरण भएपनि पूर्ण रुपमा उपभोक्ताहरु माझ बाह्रै महिना खानेपानी वितरण गर्न नसकिएकोले हाल स्तरोन्नती खानेपानी आयोजना अन्तर्गत सम्पूर्ण उपभोक्ताहरुलाई बाह्रै महिना खानेपानी उपलब्ध गराउन सकिने विश्वास लिएको छु ।

उपभोक्ताहरुको समस्या गुनासोहरुलाई समाधान गर्न समितिले तदारुकताका साथ अघि बढ्नेछ भन्ने विश्वास व्यक्त गर्दै नवौं अधिवेशनबाट सक्षम, योग्य र क्षमतावान व्यक्तिको नेतृत्वमा कार्यसमिति चयन हुने विश्वासका साथ दशौं साधारणसभा तथा नवौं अधिवेशन पूर्ण सफलताको कामना व्यक्त गर्दछु ।

**नारायण बहादुर खनाल**
निवर्तमान अध्यक्ष
विदुर खानेपानी तथा सरसफाई
उपभोक्ता संस्था





# अध्यक्ष सन्जिव बहादुर श्रेष्ठको संस्थागत प्रतिवेदन

**दशौं साधारण सभा तथा नवौं अधिवेशन ८ देखि १३ मंसिर, २०८२**

आदरणीय यस विदुर खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको दशौं साधारणसभा तथा नवौं अधिवेशनको निमन्त्रणालाई स्वीकार गरी यस गरिमामय कार्यक्रममा उपस्थित हुनु भएका
प्रमुख अतिथि ..................... ज्यू,
विशेष अतिथि श्री ................. ज्यू,
विशेष अतिथि श्री ..................ज्यू,
अतिथि ज्यू,
अतिथि........................ ज्यू,
अतिथि....................... ज्यू,
प्रमुख जिल्ला अधिकारी श्री ........................,
राजनैतिक दल नेपाली कांग्रेसकाका सभापति एवं प्रतिनिधि ज्यू,
नेकपा एमाले अध्यक्ष एवं प्रतिनिधि ज्यू,
नेपाली कम्युनिष्ट पार्टी अध्यक्ष एवं प्रतिनिधि ज्यू,
राष्ट्रिय स्वतन्त्र पार्टी अध्यक्ष एवं प्रतिनिधि ज्यू,
राष्ट्रिय प्रजातन्त्र पार्टी अध्यक्ष एवं प्रतिनिधि ज्यू,
प्रमुख जिल्ला अधिकारी ज्यू,
जिल्ला स्थित सुरक्षा प्रमुख ज्यूहरु,
संस्थापक अध्यक्ष ठाकुर प्रसाद गजुरेल ज्यू
पूर्व अध्यक्षहरु मोहन बहादुर खड्का, ओम प्रकाश श्रेष्ठ, राजेन्द्र अर्याल, निवर्तमान अध्यक्ष नारायण बहादुर खड्का ज्यू
वडा नं. १, २, ४, ५, ६, ८, ९ र १० का वडा अध्यक्ष ज्यूहरु
डिभिजन खानेपानी कार्यालय प्रमुख ज्यू,
विभिन्न कार्यालयबाट कार्यक्रममा पाल्नु भएका कार्यालय प्रमुख ज्यू, विभिन्न संघसंस्थाबाट उपस्थित हुनु भएका संघसंस्थाका प्रमुख वा प्रतिनिधि ज्यूहरु, कार्यक्रममा उपस्थित हुनु भएका पत्रकार मित्रहरु उपस्थित कार्य समितिका साथीहरु एवं कर्मबचारी मित्रहरुमा हार्दिक न्यानो अभिवादन व्यक्त गर्न चाहन्छु ।

**आदरणीय उपभोक्ता महानुभावहरू**

२०५२ सालमा स्थापना भएको विदुर खानेपानी तथा सरसफाई उपभोक्ता संस्था आजको दिनसम्म आइपुग्दा विभिन्न कालखण्डमा योगदान दिनुहुने संस्थापक अध्यक्ष देखि निवर्तमान अध्यक्ष ज्यूहरुलाई संस्था र सम्पूर्ण उपभोक्ताको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । वर्तमान

अवस्थामा संस्थामा २१ जना कर्मचारी कार्यरत रहेको छ भने मुहानको सन्दर्भमा Gravity Flow बाट सञ्चालन मुहानबाट नलगाउँ मुहानबाट प्रति सेकेण्ड ५ लि पानी र फलाँखु खोला मुहानबाट प्रति सेकेण्ड ८० लिटर पानी संचालनको मुहान रहेको र वर्षादको समयमा बैकल्पिक खानेपानी आपूर्तिको लागि त्रिशूली नदीको किनार देवीघाट प्राधिकरणको किनारमा २ वटा वोरिङ्गबाट १५ लि. र ढुंगेको कृषि विकास शाखा परिसरबाट ५ लि. र हालसालै तादी खोलाको किनार विदुर-२ र बेलकोटगढी जोड्ने पक्की पुलको परिसरमा विदुर २ तर्फ प्रति सेकेण्ड ८० लि. पानी उपलब्ध गर्ने सम्पवेल परीक्षणको चरणमा रहेको जानकारी गराउँदछु । विदुर नगरपालिकाको १, २, ४। ५, ६, ८ र ९ को बजार एरियाको ४८००।- घरधुरीमा खानेपानी सञ्चालनमा रहेको र वडा नं. ९ को प्लाष्टर एरिया खानेपानी जडानको विस्तारको चरणमा रहेको जानकारी गराउँदछु । यसबाट नगरपालिकाको २५ हजार जनसंख्यालाई प्रत्यक्ष लाभान्वित रहेको छ । १५ लि. क्षमता भएको पैरेवेशीको खानेपानीको मुहान गल्छी स्याफ्रुवेशी केरुङ सडक विस्तारले मेनलाइन क्षतिग्रस्त भई उक्त मुहान बन्दको अवस्थामा रहेको र सडक आयोजनालाई उक्त पाइप लाइन मर्मत तथा निर्माणको लागि पटक पटक अनुरोध तथा पत्राचार गर्दा पनि हालसम्म कार्यान्वयनमा नआएको व्यहोरा जानकारी गराउँदछु ।

**आदरणीय उपभोक्ता महानुभावहरू,**

विदुर, बट्टार र नलगाउँको ट्यांकीमा निर्माण भएको पिल्लर मिडियाको पूर्ण रुपमा सदुपयोग गर्दै आवश्यक रुपमा ब्लेचीङ पाउडर र आलामको प्रयोग गरी खानेपानी वितरण गर्दै आएको जानकारी गराउँदछु ।

**आदरणीय उपभोक्ता महानुभावहरू,**

२०७९ साल भाद्र २२ गते हाम्रो कार्यसमिति निर्वाचित भइसकेपछि तेश्रो साना सहरी खानेपानी आयोजनाले फलाँखु खोलाको पानी बट्टार र विदुरमा अवस्थित ट्यांकीमा खानेपानी खसाल्न सफल भएको त थियो तर वडा नं. ५ को रक्तकाली एरिया, वडा नं. ६ को वडा कार्यालय वरिपरीको २६० घरधुरी र वडा नं. ८, ९ को कोलोनी र बगुवा बजारको ५५० घरधुरीमा खानेपानी सञ्चालन भएको थिएन भने फलाँखु खोलाको मुहानमा इन्टेक नभएको कारण सरोकार सबै पक्षको निर्णय बमोजिम हामीले निर्माण व्यवसायीको धरौटी रकम ९७ लाख रोक्का राखेका छौं । यस रोक्का गर्ने कार्यमा उपभोक्ता समिति, नागरिक समाज, पत्रकार, प्रशासन, स्थानीय सरकार, राजनैतिक दल, पूर्व अध्यक्षहरु सहितको निर्णय तथा समर्थन रहेको जानकारी गराउँदछु । माथि उल्लेखित वडा नं. ५ को रक्तकाली, वडा नं. ६ को वडा कार्यालय वरिपरी, वडा नं. ८ र ९ को बगुवा बजारमा कार्य समिति, कर्मचारीको अथक प्रयासपछि खानेपानी सञ्चालन गर्न सफल भएका छौं भने यस कार्य गरेवापत निर्माण व्यवसायी तुन्दीले जम्मा गर्नुपर्ने १६ लाख हालसम्म जम्मा नगरेको र मिति २०७८ मा निर्माण भएको वडा नं. १, ढुंगेको डिप बोरिङ्ग निर्माण गरेवापत प्राप्त गर्नुपर्ने रकम मध्ये रु. ४,७७०५६।९० पनि निर्माण व्यवसायी कोभेक तुन्दी रसुवा जे.भी.ले पटक पटक पत्राचार गर्दा पनि हालसम्म खातामा जम्मा नगरेतापनि उक्त रकम प्राप्त गर्ने आधार रोक्का गरिराखेको धरौटी रकमबाट असुल गर्न सक्ने जानकारी गराउँदछु ।

**आदरणीय उपभोक्ता महानुभावहरू,**





२०८० साल साउन २७ गते फलाँखु खोलामा आएको बाढीले खोलाको किनारामा रहेको १२० मिटर डिआई पाइप बगाएको र त्यसको केही दिनमा रिठ्ठेधारीमा पहिरो जाँदा फलाँखु खोलाको मुहान हामी उपभोक्ताको लागि अनिश्चित र अन्यौलको अवस्था हुन गएको थियो । यस विषम परिस्थितिमा पत्रकार, प्रमुख जिल्ला अधिकारी, समन्वय प्रमुख, स्थानीय प्रमुख, उपप्रमुख लगायत वडा अध्यक्ष ज्यूहरुको सहयोगको कारण ३२ दिनको अथक प्रयासपछि फलाँखु खोला किनारमा इन्टेक निर्माण गरी खानेपानी सञ्चालन गर्न सफल भएका थियौं भने उक्त स्थानमा तत्कालीन बागमती प्रदेशका अर्थमन्त्री बहादुरसिंह लामाको प्रमुख आतिथ्यतामा आम उपभोक्ता र सरोकार सबै पक्षको उपस्थितिमा मिति २०८० मंसिर ९ मा प्रथम सार्वजनिक सुनुवाई भएको थियो । उक्त समयमा संस्थाको गतिविधी र एक आ.ब. को आर्थिक कारोबार सार्वजनिक गरेको स्मरण गराउन चाहन्छु ।

**आदरणीय उपभोक्ता महानुभावहरू,**

फलाँखु खोलाको र नलगाउँ मुहानबाट हिउँदको समयमा ८ महिनामा निर्वाध रुपमा नगर वासीलाई आवश्यक खानेपानी सञ्चालन हुने र वर्षातको समयमा आषाढ देखि असोजसम्म चार महिना बाढी र पहिरोबाट दैनिक रुपमा खानेपानी आपूर्तिमा समस्या हुने हुँदा बैकल्पिक श्रोतका रुपमा रहको तीनवटा बोरिङ्गबाट ५ दिनको अन्तरमा मात्र खानेपानी उपलब्ध हुने हुँदा कार्यसमितिको अनुरोध र ठूलो प्रयासपछि खानेपानी विभाग पानी पोखरीको Inhans बजेटबाट ११ करोड ४४ लाख ५ हजार आठ सय ८३ रुपैयाँको बजेटमा तादी खोलाको किनारमा सुरुवात भएको सम्पवेल खानेपानी आयोजना अन्तिम चरणमा पुगेको छ भने तादी खोलाको किनारबाट लामीडाँडा हुँदै बट्टार ट्यांकीमा रहेको पिपलटारको ठूलोगाउँसम्म सफल परीक्षण भएको छ । यस सम्पवेल खानेपानीलाई आगामी दिनमा व्यवस्थित गर्न सकेको खण्डमा वर्षातको समयमा असार देखि असोजसम्मको समस्या र धमिलो पानीरबाट उपभोक्ताहरु मुक्त हुने सुखद दिन आएको जानकारी गराउन चाहन्छु ।

**आदरणीय उपभोक्ता महानुभावहरू,**

विदुर खानेपानी उपभोक्ता संस्थालाई संघ र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान रकमबाट बेत्रावती बजारको रामचन्द्र आधारभूत विद्यालय नजिक मेन लाइन संरक्षणको लागि क्रेट जाली निर्माण वडा नं. १ रिमाल डाँडाको पाइप लाईन संरक्षण, नलगाउँको ट्यांकी संरक्षण तथा मुहानको पाइप लाइनको संरक्षण तथा मर्मत गरेको जानकारी गराउँदछु साथै प्रदेश सरकारको सहयोगबाट सिंचाई डिभिजन कार्यालयमार्फत फलाखु मुहानमा इन्टेक निर्माण भैरहेको जानकारी गराउँदछु ।

**आदरणीय उपभोक्ता महानुभावहरू,**

संस्थाको आम्दानी, खर्च र प्राप्त अनुदानमा पारदर्शी होस् भनेर समितिले भ्याएसम्म सजकता अपनाएका छौं । हिजो ढड्डा प्रथाबाट संस्थालाई कम्प्युटराइज्ड विधीमा लैजाने प्रयास गरेका छौं । अनलाइन सिष्टमबाट महशुल बुझाउने, आवश्यक फिटिङ्गका सामान खरिद समितिले निर्णय गरेर कोटेशन विधीबाट मात्र खरिद गर्ने, खरिद गर्दा सकेसम्म भ्याट विलबाट मात्र खरिद गर्ने, सामान ढुवानी गर्दा ट्रान्सपोर्टबाट ढुवानी गर्ने र खरिद सामानको रकम भुक्तानी गर्दा खरिद गरेको फर्मकै नाममा चेकमार्फत भुक्तानी गर्ने, सामानको स्टोर दाखिला गर्ने र प्राविधिकको माग अनुसार आवश्यक सामान

निकासा गरी स्टोरलाई तन्दुरुस्त राख्ने र आवश्यक सामानको खरिद, भुक्तानी, खर्चमा पारदर्शिता ल्याउने प्रयास गरेका छौं । उदाहरणको रुपमा फलाँखु मुहानको मिति २०८० साल साउन २७ गते बाढी र मिति २०८० भाद्र २३ गते रिठ्ठेघारीको सुख्खा पहिरोको कारण आवश्यक परेको १० के.जी. प्रेसरको १२० मिटर पाईप खरिद गर्दा तत्कालीन अवस्थामा कम्पनी मूल्य भन्दा हाम्रो अनुरोधमा उक्त खरिद मूल्यमा १७ प्रतिशत छुट गराई छुट रकमलाई विलमा नै समायोजन गरी खरिद गरेका छौं । जसबाट संस्थालाई आर्थिक बोझ कम भएको छ भने यो विधी हामीले अन्य फिटिङ्ग सामान खरिदमा पनि अपनाएका छौं । यति हुँदाहुँदै पनि हामीले लेखा विधीलाई समयानुकुल कम्प्युटराइज्ड गर्न अझ केही सुधार गर्नुपर्नेछ भने तेश्रो साना सहरी आयोजनाको निर्माण व्यवसायीले इन्टेक निर्माण गरी आयोजना हस्तान्तरण नहुँदा वन समितिको खाली जमिनमा बनेको खानेपानी कार्यालय भवनको नक्सापास नहुँदा लेखाङ्कन नियम NFRS for SMES ले तोकेका अनुसारको व्यवस्था तथा लेखाङ्कन गर्न नसकेको जानकारी गराउँदछु संस्थाको विधान अनुसार प्रत्येक आर्थिक वर्षमा साधारणसभा गर्नुपर्ने भएतापनि विगतमा अधिवेशनमा मात्र साधारणसभा गर्ने प्रचलन रहेतापनि संस्थाको कार्य व्यवस्था नियमावली २०७५ संशोधन अनुसार परिच्छेद-८ को दफा ७.१ मा वर्षको एकपटक साधारणसभा वा सार्वजनिक सुनुवाई गर्नुपर्ने भन्ने व्यवस्था भएअनुसार पहिलो वर्ष हामीले खानेपानीको मुहान फलाँखु खोलाको किनारमा तत्कालीन बागमती प्रदेशका अर्थमन्त्री बहादुरसिंह लामाको प्रमुख आतिथ्यतामा पहिलो वर्षको सार्वजनिक सुनुवाई तथा आर्थिक कारोबारको जानकारी गराएको व्यहोरा अवगत गराउन चाहन्छु भने दोश्रो वर्षको सार्वजनिक, सुनुवाई प्रतिनिधि सभाको सभामुखको प्रमुख आतिथ्यतामा सम्पवेलको निर ीक्षण तथा परीक्षण गर्दै विदुर खानेपानीको मेन ट्यांकी रहेको बाराही मन्दिर परिसरमा भाद्र २८ गते गर्ने तयारी तथा निर्णय गर्दै गर्दा भाद्र २३ र २४ गतेको घटेको दुखद घटनाका कारण स्थगित भएको अवगत गराउँदछु ।

**आदरणीय उपभोक्ता महानुभावहरू,**

संस्थालाई समस्या पर्दा सरोकारवाला सर्वपक्षलाई जानकारी गराउँदै सहयोग प्राप्त गर्दै आएका छौं । उदाहरण स्वरुपः यस वर्षा याममा फलाँखु मुहानमा बाढीले पुर्दा उक्त स्थानमा स्क्याभेटर लैजान असम्भव भएको कारण सरोकार पक्ष सबैलाई अनुरोध गर्दै नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, पत्रकार, पूर्व पदाधिकारी, नागरिक समाज र आम उपभोक्ताको सहयोगमा समाधान गरेका छौं । तसर्थ, संस्था र आम उपभोक्ताहरुको तर्फबाट आपतकालीन अवस्थामा सहयोग गर्नुहुने सेना, प्रहरी लगायत उपस्थित सम्पूर्णलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

**आदरणीय उपभोक्ता महानुभावहरू,**

संस्थाले आफ्नो क्षमता अनुसार यो वर्षदेखि सामाजिक उत्तरदायित्व वहन गर्दै आफ्नो कार्यक्षेत्रमा रहेको नुवाकोट आदर्श बहुमुखी क्याम्पस, सरकारी विद्यालयहरु, मन्दिर, गुम्वा, मस्जिद, चर्च, किरियापुत्री भवनमा मासिक १५ युनिट खानेपानी निःशुल्क गरेको व्यहोरा जानकारी गराउँदछु ।





**आदरणीय उपभोक्ता महानुभावहरू,**

हामीले आआफ्नो टोलको खानेपानी सञ्चालनमा दिगोपना ल्याउनको लागि प्रत्येक टोलमा २० देखि ५० घरधुरी सम्मको खानेपानी सुरक्षा समूह गठन गरेका छौं । यस कार्यबाट खानेपानीको दुरुपयोग रोकिनुका साथै महशुल असुलीमा पनि प्रभावकारीता देखिन थालेको छ । यसवापत उक्त समूहरले बुझाएको मासिक रकमको १० प्रतिशत समूहकै बैंक खातामा फिर्ता गर्ने र समूहमा बचत गर्ने बानी बसाली समूह भित्रकै ऋण लगानी गर्दा ८ प्रतिशत भन्दा बढी ब्याज लिन नपाउने नीति, नियम तर्जुमा गरेको छ । नीति नियमको लागि संस्थाले खानेपानी सुरक्षा कार्यविधी तयार गरेको छ । हालसम्म संस्थाले कार्यक्षेत्रमा ६० समूह गठन गरेको छ भने यसबाट १८०० घरधुरी आबद्ध भएको छ । आगामी दिनमा यस कार्यलाई निरन्तरता दिनुपर्दछ ।

**आदरणीय उपभोक्ता महानुभावहरू,**

नेपालको संविधानको भाग ३ मा मौलिक हकको व्यवस्था गरेको छ । मौलिक हकको धारा ३५ को ४ मा स्पष्ट भनेको छ-प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाईमा पहुँचको हक हुनेछ । तसर्थ, यो पहुँचमा पुऱ्याउने जिम्मेवारी राज्यमा विद्यमान तीन तहको सरकारको हो, तसर्थ हामीले विदुर नगरपालिकाले नगर विकास कोषको ऋण व्यहोरेमा १० युनिट खानेपानी निःशुल्क गर्नका लागि लिखित तथा मौखिक अनुरोध गऱ्यौं । तर, हालसम्म स्थानीय सरकारबाट यस कार्यमा सकारात्मक पहल तथा निर्णय गरेको छैन । यो हलमा म जानकारी गराउन चाहन्छु रौतहट जिल्लाको सोनापुर नगर पालिकाले नगरबासीलाई खानेपानी निःशुल्क उपलब्ध गराएको छ भने भरतपुर नगरपालिकाले आफ्नो नगरवासीलाई ७ युनिट खानेपानी निःशुल्क उपलब्ध गराएको छ । यसै गरी गण्डकी प्रदेश सरकार ले प्रदेश भरी उपभोक्ता संस्थाले खानेपानीमा प्रयोग हुने विद्युत महशुल छुट गराएको छ । तसर्थ, म उपस्थित स्थानीय सरकारलाई आगामी दिनमा उपभोक्ताहरुको पक्षमा कार्यक्रम अघि बढाउने नीति तय गर्नुहुन अनुरोध गर्दछु । यसो भनीरहँदा स्थानीय सरकारले संस्थालाई सहयोग नै गरेको छैन भन्ने होइन, हालसम्म स्थानीय सरकारले वडा नं. ६ मा पाइप लाइन विस्तार गर्न १६०mm को ६०० मिटर पाइप उपलब्ध गराएको छ भने आपतकालीन समयमा अन्य सहयोग गर्दै आएको जानकारी गराउँदछु ।

**आदरणीय उपभोक्ता महानुभावहरू,**

केही उपभोक्ताहरुले सामाजिक सञ्जालमा मिटर र गेटभल्वको फोटो हालेर महशुल बढी उठ्यो भन्ने समाचार लेख्ने गरेको छ । त्यसमा म के भन्न चाहन्छु भने संस्थाको नियमानुसार खानेपानीको मेन लाइन र वितरण लाईन बाहेक हाउस कनेक्सनको मिटर, गेटभल्व र फिटबललाई तन्दुरुस्त अवस्थामा राख्ने जिम्मेवारी उपभोक्ताकै हुन्छ । यी चिजहरु बिग्रेको अवस्थामा संस्थामा जानकारी हुनासाथ प्राविधिक मार्फत मर्मतको लागि सहयोग गर्दै आएको व्यहोरा अवगत गराउन चाहन्छु । यसको साथै वडा नं. ५ को पिपलटारको उपभोक्ता ज्यूहरुले पिपलटारमा नलगाउँको खानेपानी वितरण गर्ने एरियामा न्युनतम् मूल्यमा मिटरको प्रयोग नगरी खानेपानी उपलब्ध गराउनु पऱ्यो भन्ने जनगुनासोको सम्वन्धमा नलगाउँ मुहान र पिपलटार एरियामा पनि तेश्रो साना सहरी आयोजनाको लगानी रहेको छ र

वर्षातको समयमा धमिलो पानी हटाउन तादी खोलामा निर्मित सम्पवेलबाट पिपलटार एरियालाई फिल्टर मिडियासहितको ४ इन्च पाइप लाइनको व्यवस्था गरेका छौं । मिटर नराख्ने विषयमा हामीले मिटर राखेनौं भने खानेपानी दुरुपयोगको कारण ट्यांकी एरिया नजिक वस्तीमा मात्रै खानेपानी सञ्चालन हुन्छ भने भित्री वस्तीहरुमा खानेपानी सञ्चालन हुनेछैन । जसले गर्दा भयावह अवस्था सिर्जना हुनेछ । तसर्थ यो खानेपानी हो । यसलाई खानेपानीकै रुपमा प्रयोग गर्नुपर्छ । सिंचाईमा प्रयोग गर्नु हुँदैन, पिपलटार र इनारपाटीका फाँटमा सिंचाई गर्नका लागि हामी सबैले सम्वन्धित निकायमा पहल गर्नुपर्दछ ।

जहाँसम्म खानेपानीको महशुल बढी भो भन्ने प्रश्न छ, यसमा म के भन्न चाहन्छु भने विदुर खानेपानी नाफामूलक संस्था होइन, यो सेवामूलक संस्था हो । उपभोक्ताबाट असुल भएको महशुलबाट संस्थाको कर्मचारीलाई तलब, बार्षिक मर्मत खर्च, कार्यालय खर्च र नगर विकास कोषलाई ऋणको किस्ता भए पुग्छ, तसर्थ स्थानीय सरकारले नगर विकास कोषको ऋण किस्ता जिम्मा लिएमा हामी नगरवासीलाई १० युनिट खानेपानी निःशुल्क उपलब्ध गराउन सक्छौं । नगरपालिकाले यो व्यवस्था नगरुञ्जेल सरोकारवाला सबै पक्षको सहयोगबाट खानेपानी दुरुपयोग पूर्ण रुपमा रोक्न सक्यौं र महशुल असुलीमा सम्पूर्ण उपभोक्ता ज्यूहरुले सहयोग गर्नु भयो भने खानेपानी महशुलमा क्रमशः घटाउँदै लैजान सकिनेछ । यसैअनुरुप २०८२ भाद्र देखि मासिक शुल्क रु. ३००।– बाट २५०।– मा झारेका छौं । साथै हामीले हाम्रो कार्यकालमा नगर विकास कोषलाई पहिलो वर्ष रु. एक करोड, दोश्रो वर्ष रु. ६० लाख र यस वर्ष रु. १ करोड १९ लाख ११ हजार एकसय नौ रुपैयाँ ६० पैसा बुझाएका छौं भने पौष मसान्तमा संस्थाले थप रकम बुझाउनेछ ।

**आदरणीय उपभोक्ता महानुभावहरू,**

म अन्त्यमा, के भन्न चाहन्छु भने तपाईंहरुकै सहयोग र सुभेच्छाले आज तादी खोलाको किनार मा फलाँखु मुहानकै क्षमता बराबरको सम्पवेल तयार भएको छ । यसको व्यवस्थापन र सञ्चालन सही ढंगले गर्न सकेको खण्डमा आगामी दिनमा ३६५ दिन नै सफा र स्वच्छ खानेपानी सञ्चालन गर्न सक्षम भएको छ । यति भनीरहँदा अबका दिनमा समस्या नै छैन भन्ने होइन, बेत्रावती बजारमा त्रिशूलीको किनारमा चारसय मिटर मेनलाइन पाइप पहिरोको कारण झुण्डिएर रहेको अवस्थामा छ भने त्यसलाई अब आउने वर्षा अघि नै व्यवस्थापन गर्नुपर्नेछ । यसैगरी, फलाँखु खोलामा ९० मिटर मेनलाइन पाइप लाइन गएको वर्षाको बाढीको कारण बाढीले क्षतिग्रस्त छ त्यसलाई संरक्षण गर्नुपर्नेछ । तसर्थ, हाम्रा बीच अवसर र चुनौती दुवै छन्, आजबाट सुरु भएको संस्थाको नवौं अधिवेशनले समस्या सँग जुध्न सक्ने र संस्थाको साधन, स्रोतको उचित व्यवस्थापन गर्न सक्ने नेतृत्वको चयन गर्नेछ भन्ने विश्वास लिएको छु । धन्यवाद ।

**संजीव बहादुर श्रेष्ठ**
**अध्यक्ष**
**विदुर खानेपानी तथा सरसफाई उपभोक्ता संस्था**
**विदुर, नुवाकोट**





# विदुर खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको स्थापनादेखि वर्तमान सम्मको अवस्था

विदुर खानेपानी संस्था २०५२।११।११ मा तत्कालीन नगर प्रमुख ज्यूको अध्यक्षतामा खानेपानी सञ्चालित वडाको अध्यक्ष ज्यूहरु र जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी र खानेपानी कार्यालयहरुको प्रमुख सहितको तदर्थ समिति गठन भई जिल्ला जलश्रोत समितिमा विदुर खानेपानी उपभोक्ता समिति भनी दर्ता भएको थियो । नलगाउँ मुहान र फलाखु खोला मुहानलाई समायोजन गरी विदुर खानेपानी आयोजना बनेको हो । मिति २०५३।३।११ मा उक्त आयोजनाको नेपाल सरकारको नीति अनुसार तत्कालीन जिल्ला खानेपानी कार्यालय नुवाकोटबाट तदर्थ समितिलाई हस्तान्तरण भएको थियो । तत्कालीन समयमा सामुहिक रुपमा धारा सञ्चालन थियो मिति २०५३ भाद्र महिनाबाट विदुर नगर पालिका कार्यालयको एक कोठाको एकछेउमा बसी निजी धाराहरुको वितरण कार्य सुरु गरिएको हो । फलाखु खोला मुहान वर्षादको समयमार असुरक्षित थियो भने नलगाउँ मुहान हिउँदको समयमा श्रोतमा कमी भई कुन हिउँद कुन वर्षा दुवै समयमा खानेपानी उपभोक्ताहरुको माग बमोजिम वितरण गर्न असहज परिस्थिति थियो । जसमा २०६३ भाद्र महिनामा वर्षातको कारण फलाखु खोला मुहानको ईन्टेक देखि पाईप लाईन समेत बगाई छेदविच्छेद भएपश्चात खानेपानी नै सञ्चालन गर्न सकिएन । तत्कालीन समितिले कठिन बाबजुद बेत्रावतीको समतविसे खोला र घट्टे खोलाबाट खानेपानी विभागबाट पाईप ल्याई खानेपानी सञ्चालन गरिएको थियो । यसरी फलाँखु खोला मुहान क्षतविक्षत भएपश्चात खानेपानी विभागको टोली सहित ल्याई सर्वेक्षण गराउँदा खानेपानी नै सञ्चालन गराउन नसकिने भनी बैकल्पिक खोजीमा रसुवाको पैरेवेशी पुगी त्रिशूली खोलाको पानी जडान गरी सञ्चालन गरिएको थियो ।

विदुर नगरभित्र बढ्दो बस्ती तथा जनसंख्या बृद्धिका कारण खानेपानी आपूर्तिमा कमी भई दिनानुदिन हाहाकार हुँदै गयो । समितिबाट श्रोत बृद्धिमा विभिन्न निकायहरुसँग समन्वय गरी पहल कार्य गरि नै रह्यो कहिले नेपाल सरकारको नीति अनुसारको सहलगानीमा, कहिले दोश्रो साना शहरी आयोजना लागू कार्यमा लागि परिरहेको थियो । त्यस समयमा भन्नै पर्दा खानेपानी सञ्चालन गर्न ज्यादै कठिन भई सोझै पाइपलाइन बनाई २ वा ३ दिनको बीचमा लोडसेडिङ्ग गरी खानेपानी सञ्चालन गरिएको थियो । यसरी दिनानुदिन खानेपानीमा हाहाकार हुँदै गएपश्चात पूर्व कार्य समिति देखि वर्तमान कार्य समितिको पहलमा नेपाल सरकारको सहयोगमा तेश्रो साना सहरी आयोजना लागू भयो जुन आयोजना २०७३ जेष्ठ १४ मा सम्झौता भई प्रकृयागत रुपमा अगाडि बढाइयो । निर्माण व्यवसायी सिको कालिका तुन्दी जे.भी. ले उक्त आयोजनाका निर्माण कार्य गर्ने रु. ८१,०८,२०,१५५। (अक्षरेपी एकासी करोड आठ लाख बिस हजार एकसय पचपन्न मात्र) बराबरको लागतमा टेण्डर पारी कार्य सुरु गर्न लगाइयो । उक्त लागत रकमको नेपाल सरकारको नीति अनुसार ५% उपभोक्ता २५% नगर विकास कोष र बाँकी ७०% नेपाल सरकारको तर्फबाट व्यहोर्नुपर्ने थियो । जसमा २०७२ बैशाखको विनासकारी भुकम्पको कारण नुवाकोट भुकम्पग्रस्त जिल्ला भएकाले ५% रकम नेपाल सरकारको तर्फबाट व्यहोर्नुपर्ने थियो । जसमा २०७२ को भुकम्पको कारण नुवाकोट जिल्ला भुकम्पग्रत जिल्ला। भएकोले ५% ऋण र ७५% अनुदानमा आयोजना सञ्चालन गराइएको हो । आयोजना २ वर्षमा

सम्पन्न गर्न सकेन वर्तमान कारणवस निर्माण व्यवसायीले सम्पन्न गर्न सकेन वर्तमान समितिबाट काम सम्पन्न गर्न आयोजना व्यवस्थापन कार्यालयमा पटक पटक अनुरोध गरिएतापनि सम्पन्न हुन नसकी मिति २०७९ भाद्र ५ मा आयोजना व्यवस्थापन कार्यान्यवनमा संयुक्त वैठक बसी निर्माण व्यवसायीले जडान गर्नुपर्ने ५४२५ निजी धाराहरुमा करिब ३८०० धारा मात्र जडान गरेकोले बाँकी वर्तमान समितिबाट नै जडान गरियो ।

निर्माण व्यवसायीबाट कोलोनी, तल्लो पिपलटार देवीघाट स्थित खानेपानी सञ्चालन गराउनु नै सकेन हफ आएर समितिबाटै सञ्चालन गराउनुपर्ने भएकोले तल्लो पिपलटार देवीघाट राम्रोसँग सञ्चालन गराउन नसकेता पनि कोलोनी एरियामा भने खानेपानी सञ्चालन गराउन सफल भएको छ । तेश्रो साना सहरी आयोजनाको मुहान फँलाखु खोला दिगो र दरबिलो नभएको जानकारी खानेपानी विभाग, आयोजना व्यवस्थापन कार्यालयमा गराएपश्चात बैकल्पिक श्रोतमा वर्षातको समयमा चलाउन तादी खोलाबाट सम्पवेल गरी ल्याउन करिब ११ करोड ४४ लाख ५ हजार आठ सय ८३ रुपैया वजेट आई निर्माण व्यवसायीबाट कार्य सम्पन्न हुन लागेको छ । उक्त समवेल कार्य पनि ७०% र ३०% को भएकोले हाल संस्थामा व्ययभार बढिरहेको छ । नगर विकास कोषको ऋण झण्डै ३० करोड बराबर पुगेको छ ।

हाल संस्थामा समितिको पहलमा ढुङ्गे र बट्टारस्थित त्रिशूली खोला नजिक २ वटा डिप बोरिङ्ग र फलाखु रिठ्ठेघारीमा विजुली लगी पुरानो पाइप लाइनमा मोटरबाट पानी तान्ने कार्य गरी खानेपानी सञ्चालन गरिएको छ । संस्थाको नलगाउँ मुहानबाट नेपाल सरकारको निती अनुसारको खानेपानी नभएको कारण विदुर ५ पिपलटारमा स्थानीय निकायको सहयोगमा निर्माणाधिन डिप बोरिङ्गबाट खानेपानी प्रयोग गरेकाले संस्थाप्रतिको खानेपानीमा चासो नराखेको बुझिन्छ । तसर्थ, विदुर खानेपानीको सञ्चालित कार्यक्षेत्रभित्र रहेका बैकल्पिक श्रोतहरु पनि जिम्मा लिई खानेपानी सञ्चालन गराउनुपर्ने देखिन्छ । विदुर खानेपानी आयोजनाको कार्यक्षेत्र वि.न.पा. देवीघाट पिपलटार देखि वि.न.पा. ८ र ९ कोलोनी सम्म रहेकोले नगरभित्रको बढ्दो वस्तीलाई मध्यनजर गर्दा दशौं हजार धारा वितरण हुन सक्ने देखिन्छ । तसर्थ संस्थाबाट दिनप्रतिदिन धाराहरु वृद्धि हुदै जाने भएकोले साधारणसभा तथा अधिवेशन गराउन महँगो पर्ने हुँदा २५ वा ५० धारा बराबरको एक प्रतिनिधि बनाई प्रतिनिधिमूलक संस्था बनाउन आवश्यक देखिन्छ । यसको लागि हाल भएका संस्थाको विधान विनियमहरु समेत संशोधन गर्नुपर्ने हुँदा साधारणासभा समक्ष राख्न आवश्यक देखिन्छ । अन्त्यमा, संस्थाको दशौं साधारण सभा तथा नवौं अधिवेशन मिति २०८२ मंसिर ८-१३ सम्म हुन लागेकाले संस्थाको जटिल अवस्थालाई मध्यनजर गर्दा अब हुने कार्य समिति चयनमा सर्वपक्षिय समिति आवश्यक रहेको छ । तसर्थ, उक्त समिति बनाउन सम्पूर्ण राजनैतिक दल, बुद्धिजिवी एवं उपभोक्ताहरुले बृहत छलफल गरी निष्पक्ष निर्विवाद कार्य समिति चयन गराई विदुर नगरभित्रको खानेपानी अभाव हुन नदिन हार्दिक अनुरोध गरिन्छ ।

**नवराज न्यौपाने**
संस्थापक कर्मचारी
हालः उपाध्यक्ष





# विदुर खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको कार्यालय

विदुर, नुवाकोट

## सचिव राजेन्द्र पाण्डेको प्रतिवेदन

### दशौं साधारणसभा तथा नवौं अधिवेशन ८ देखि १३ मंसिर, २०८२

संस्थाका अध्यक्ष तथा यस सभाका सभापति महोदय,
यस सभाका प्रमुख अतिथि ज्यू
विशेष अतिथि ज्यूहरु, अतिथि ज्यूहरु,
विदुर नगरपालिकाको प्रमुख, उपप्रमुख ज्यूहरु
राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि ज्यूहरु
वडा अध्यक्ष ज्यूहरु
संस्थापक अध्यक्ष ज्यू, पूर्व अध्यक्ष ज्यूहरु
विभिन्न कार्यालयबाट पाल्नु भएका कार्यालय प्रमुख ज्यूहरु
उपस्थित अतिथि ज्यूहरु एवं पत्रकार ज्यूहरु
सहभागी उपभोक्ता एवं अन्य बुद्धिजिवी महानुभावहरु
कार्य समितिका पदाधिकारी साथीहरु र संस्थाका कर्मचारी मित्रहरु

संस्थाको दशौं साधारण सभा तथा नवौं अधिवेशनमा संस्थाको सचिवको हैसियतले ३ वर्षे कार्यप्रगति र अनुभवका विषयलाई प्रतिवेदनको रुपमा प्रस्तुत गर्दै सम्पूर्ण उपस्थित महानुभावहरुमा हार्दिक स्वागत र नमन गर्न चाहन्छु ।

**आदरणीय महानुभावहरू,**

यस संस्थाको मिति २०८०।०५।२७ गते बाढी र २०८०।०५।२३ गतेको सुख्खा पहिरोले विदुर नगरपालिका वडा नं. १० फलाँखु मुहानको रिठ्ठेघारीमा ३५०mm डिआई पाइप क्षतविक्षत भई खानेपानी अबरुद्ध भएकोमा विदुर-१०, रिठ्ठेघारी नजिक पानीट्यांकी निर्माण गरी पम्पिङ्ग मार्फत पानी सञ्चालन गरिएको थियो । सहरी खानेपानी तथा सरसफाईर क्षेत्रगत आयोजना कार्यालय मार्फत स्तरोन्नती आयोजना अन्तर्गत विदुर-२, शेरास्थित तादी खोलामा सम्पवेल निर्माण गरी गुम्वाडाँडामा लिफ्टिङ्ग गरी ३ लाख लि. को ट्यांकीबाट बट्टार र विदुर ट्यांकीमा खानेपानी पठाई उपभोक्ताहरुको धाराहरुमा वितरण गरिने र २ लाख लि. को ट्यांकीबाट प्रेसर फिल्टर मिडियाबाट विदुर-५, पिपलटारमा उपभोक्ताहरुको धारामा खानेपानी वितरण गरिनेछ । विदुर-२ बट्टार ट्यांकीमा स्टोर निर्माण गरिएको छ । विदुर नगरपालिकाको सहयोगमा विदुर-६, ईनारपाटीमा खानेपानी सञ्चालन गरिएको छ । खानेपानी महशुल १५ युनिटको न्युनतम् रकम रु. ३०० बाट रु. २५० मा निर्धारण गरिएको छ । विदुर नगरपालिका वडा नं. ८ र ९ मा यस संस्थाले पाइप लाइन धेरै नै मर्मत सुधार गरी खानेपानी सञ्चालन गरिएको छ । विदुर-५ लामीबगैंचा तल्लो पिपलटारमा खानेपानी विभागको स्तरोन्नती आयोजना अन्तर्गत पाइप लाईन विछ्याइएको छ । उक्त क्षेत्रमा खानेपानी परीक्षण सफल गरी खानेपानी सञ्चालन हुनेछ भन्ने विश्वास लिएको छु । धन्यवाद ।

**राजेन्द्र पाण्डे**
सचिव
विदुर खानेपानी तथा सरसफाई उपभोक्ता संस्था

# कोषाध्यक्ष श्री अम्विका चित्रकार खनालको आर्थिक प्रतिवेदन

**दशौं साधारण सभा तथा नवौं अधिवेशन ८ मंसिर, २०८२**

श्री सभापति ज्यू
सभाका प्रमुख अतिथि ज्यू
विशेष अतिथि ज्यू
राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु
जिल्ला समन्वयका प्रमुख/उपप्रमुख/सदस्य ज्यूहरु
विदुर नगरपालिकाको प्रमुख/उपप्रमुख/वडा अध्यक्ष ज्यूहरु
विभिन्न कार्यालयबाट पाल्नु भएका कार्यालय प्रमुख एवं प्रतिनिधि ज्यूहरु
आमन्त्रित अतिथि ज्यूहरु
पत्रकार ज्यूहरु
उपस्थित नागरिक समाज तथा बुद्धिजिवी ज्यूहरु
सहभागी उपभोक्ता ज्यूहरु
कार्य समितिका पदाधिकारी तथा सदस्य साथीहरु
कर्मचारी मित्रहरुमा
उपभोक्ता समिति र मेरो व्यक्तिगत तर्फबाट नमस्कार/अभिवादन ।

आज मिति २०८२ मंसिर ८ गते हाम्रो यस विदुर खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको १० औं साधारणसभा तथा नवौं अधिवेशनको यो गरिमामय उद्घाटन समारोहमा तपाई सम्पूर्णको सद्भाव, माया र स्नेहले निर्वाचित कोषाध्यक्षको तर्फबाट यस संस्थाको आर्थिक प्रतिवेदन प्रस्तुत गर्ने अवसर प्राप्त गर्न पाउँदा ज्यादै हर्षित र गौरवको अनुभूति महशुस गरेकी छु ।

**आदरणीय उपभोक्ता ज्यूहरु,**

हजुरहरुको विश्वास, सद्भाव र अपार मायाबाट मलाई यस उपभोक्ता संस्थाको कोषाध्यक्ष जस्तो महत्वपूर्ण पदको जिम्मेवारी दिनु भएकोमा पुनः एकपटक आदरणीय उपभोक्ता ज्यूहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । तपाई सम्पूर्ण उपभोक्ता ज्यूहरुमा सर्वविदितै भएको कुरा हो कि हामी हाल बहालवाला उपभोक्ता समितिका साथीहरु निर्वाचित भएको समय देखि नै खानेपानीमा एकदम विकराल समस्याहरु देखा परिरहेको थियो । तसर्थ, ती समस्याहरुलाई छिटो भन्दा छिटो न्युनीकरण गर्ने उद्देश्यले हामी आजको दिनसम्म निरन्तर रुपमा लागि परिरहेको कुराहरु यहाँहरु समक्ष स्पष्ट देखिएको छ ।

**आदरणीय उपभोक्ता ज्यूहरु,**

भौगोलिक हिसावले नमिलेको भू-भाग भएतापनि केही वस्तीहरु समथर रहेको र सो जमिनमा





बढ्दो घनावस्ती तथा जनसंख्या वृद्धिको कारण यस नगर क्षेत्रभित्र खानेपानी आपूर्तिमा विविध खाले समस्याहरु देखा परेकोले यसलाई सहज बनाई स्वस्थ, सफा पानी आम उपभोक्ताहरुमा पुर्‍याउन हाम्रो कार्य समितिले नगर क्षेत्रभित्रका विभिन्न राजनीतिक दल, नागरिक समाज, बुद्धिजिवी र पूर्व कार्य समितिका व्यक्तित्वहरु र सरोकारवालाहरु समेतको पहलमा खानेपानी विभाग अन्तर्गत स्तरोन्नती खानेपानी आयोजना सञ्चालन गरी उपभोक्ताहरुलाई बाह्रै महिना खानेपानी वितरण गर्ने प्रयत्नहरु भइरहेको छ ।

**आदरणीय उपभोक्ता ज्यूहरु,**

सहरी खानेपानी तथा सरसफाई क्षेत्रगत आयोजना कार्यालय पानीपोखरी र नगर विकास कोषको ऋण सहयोगमा सञ्चालित स्तरोन्नती खानेपानी आयोजना अन्तर्गत विदुर न.पा. वडा नं. २ को छविसेफाँटमा सम्पवेल राखी विदुर न.पा. २ को गुम्बा डाँडामा दुई लाख र तीन लाख गरी ५ लाख लि. को २ वटा रिजर्भर ट्यांकी निर्माण गरी पानी संकलन गरेर आम उपभोक्तामा सफा र स्वच्छ खानेपानी वितरण कार्यको थालनी गर्न सफल परीक्षण पश्चात अन्तिम तयारी अवस्थामा रहेको कुरा पनि जानकारी गराउन चाहन्छु । साथै यस समितिबाट विदुर न.पा. वडा नं. ९ प्लाष्टरमा समेत नयाँ पाइप लाइन बिस्तार गरेर खानेपानी वितरण गरेको कुरा पनि जानकारी गराउन चाहन्छु र सो कार्यमा परामर्श दाता विडिए प्रा.लि. र निर्माण कम्पनी सिएवी कन्स्ट्रक्सन प्रा.लि.ले निर्माण गरेको स्तरोन्नती आयोजनाका सम्वन्धित पक्षहरुलाई पनि विशेष धन्यवाद दिन चाहन्छु ।

**आदरणीय उपभोक्ता ज्यूहरु,**

अब म यस उपभोक्ता संस्थाको आर्थिक कृयाकलापबारे केही महत्वपूर्ण कार्यहरु प्रकाश पार्न चाहन्छु ।

१. संस्थाको मासिक आय र व्यय रकमलाई पारदर्शिरता गराउन हरेक महिनाको बैठकमा राखी मासिक आय र व्यय माथि छलफल गराई अनुमोदन तथा निर्णय गर्ने गरेको छ ।
२. यस संस्थाको मर्मत संभार तथा निर्माण कार्य गराउँदा उपसमितिहरु गठन गरी उपसमितिको जिम्मामा कार्य गर्ने गरेको छ ।
३. निर्माण गराउँदाका आवश्यक सामानहरु खरिद गराउँदा मितव्ययी तथा पारदर्शिता होस् भनी खरिद उपसमिति गठन गरी कोटेशन दरभाउरेट माग गरी सामानहरु खरिद गरिएको छ ।
४. संस्थाको आर्थिक श्रोतमा प्रमुख त पानी महशुल नै रहेता पनि श्रोतमा बृद्धि होस् भनी हरेक आर्थिक वर्षमा भुक्तानी दिनुपर्ने जस्तो निजी धारा धरौटी रकम, सुरक्षित रकम र निर्माण व्यवसायीको धरौटी रकम र तेश्रो साना शहरीको रकमलाई विभिन्न बैंकसँग व्याजमा छलफल गरी बढ्दो व्याजमा मुद्दती खाता संचालन गरी रकम जम्मा गरिएको छ ।
५. संस्थाको कार्यरत कर्मचारीहरुको हकमा कर्मचारी सेवा, शर्त सुविधा सम्वन्धी नियमावली २०५७

संशोधन अनुसार कार्य गरी आएको जानकारी गराइन्छ । साथै संस्थाको श्रोतलाई मध्यनजर गरेर मात्र तलब भत्ता तोकिएको हुँदा नेपाल सरकारको सुविधा बराबर नभएको अवगत गराईन्छ ।

यस संस्थाको आ.ब. ०७९/०८०, ०८०/०८१, ०८१/०८२ मा भएको आम्दानी खर्चको विवरण लेखापरीक्षण प्रतिवेदन चालु आ.ब. ०८२/०८३ को अनुमानित आयव्यय विवरण समेत पुस्तिकामा नै समावेश गरी हातहातमा पुऱ्याएको छु । उपरोक्त सबै विवरण यहाँ प्रस्तुत गर्न समय अभावले नभ्याईने भएको हुँदा बन्द शत्रमा बृहत छलफल गर्ने जानकारी गराउँदछौं ।

अन्त्यमा, आफ्नो समय व्यस्तताको बाबजुत पनि हाम्रो दशौं साधारणसभा तथा नवौं अधिवेशन सफल पारी दिन उपस्थित हुनु भएका सम्पूर्ण व्यक्तित्वहरुमा पुनः हार्दिक स्वागत गर्दै आगामी दिनमा पनि सहयोग र सद्भावको अपेक्षा राख्दै बिदा हुन्छु ।

धन्यवाद ।

**अम्विका चित्रकार खनाल**
कोषाध्यक्ष
विदुर खानेपानी तथा सरसफाई उपभोक्ता संस्था
विदुर, नुवाकोट






“खानेपानीको सदुपयोग गरौं, श्रोत वृद्धि कार्यमा सहयोग गरौं”

# श्री विदुर खानेपानी तथा सरसफाई उपभोक्ता संस्था

विदुर, नुवाकोट
२०५२

**अब विदुर खानेपानीको महशूल लाईनमा होइन, अनलाईनमा भूक्तानी गरौं ।**

khalti
eSewa
fonepay

# बिदुर खानेपानी तथा सरसफाई उपभोक्ता संस्था

बिदुर नुवाकोट

## बित्तिय स्थितिको बिबरण पत्र

### ३१ आषाढ २०८० मा समाप्त भएको आर्थिक बर्षको

प्यान नं. ६१५४३८०५६

| दायित्वतर्फ | अनुसुचि | २०७९/०८० | २०७८/०७९ |
|---|---|---|---|
| भुक्तानी दिनुपर्ने रकम | ११ | ३७१६२२२०।७६ | २७८८७२८२।५४ |
| दीर्घकालिन कर्जा | १२ | २४७३६५२७९।०८ | २४७३६५२७९।०८ |
| संचितकोष | १३ | (११५९६१०५।२२ | (८०८२८१८।८३ |
| जम्मा दायित्व | | २७२९३१३९४।६२ | २६७१६९७४२।७९ |
| सम्पत्तितर्फ | | | |
| पाउनुपर्ने रकम | १४ | २३२२९५७५१।३४ | २३०६२५५४९।३५ |
| नगद तथा बैंक मौज्दात | १६ | २३१०८०४३।२८ | १४५९६७९७।९२ |
| लगानी रकम (मुद्धती बैंक ) | १५ | १५९००००००।०० | २०९००००००।०० |
| गैरचालु सम्पत्ति | १७ | १६२७६००।०० | १०४७३९५।५२ |
| जम्मा सम्पत्ति | | २७२९३१३९४।६२ | २६७१६९७४२।७९ |

लेखानीति तथा टिप्पणी १८

हाम्रो आजको मितिमा संलग्न प्रतिवेदनको आधारमा

का.प्रमुख | कोषाध्यक्ष | अध्यक्ष | लेखापरीक्षक

P.R. Lohani & Associates C"171" Registered Auditor





# बिदुर खानेपानी तथा सरसफाई उपभोक्ता संस्था

बिदुर नुवाकोट

## आय बिबरण

### २०७९ श्रावण ०१ देखि २०८० आषाढ मसान्तसम्मको

नेपाली रुपैयामा

| आम्दानीतर्फ | अनुसुचि | २०७९/०८० | २०७८/०७९ |
|---|---|---|---|
| पानी महशुल | १ | १७३६६४२८।०५ | २१०८९०७२।११ |
| अन्य संचालन आम्दानी | २ | १९३२०५४।५७ | १६९२७८२।७९ |
| अन्य निकाय सहयोग | ३ | ६५७१२२७।०० | ९३७४८५।०० |
| ब्याज आम्दानी | ४ | ११९०६१४७।०० | २२४५५८१।२५ |
| गैर संचालन आय (अग्रिम दस्तूरबाट) | | ७८५४०००।०० | १४६१६०००।०० |
| जम्मा आम्दानी | | ३५६२९८५६।६२ | ४०५८०९२१।१५ |
| **खर्चतर्फ** | | | |
| संचालन खर्च | | | |
| कर्मचारी खर्च | ५ | ८१५२५५५।५३ | ७८८२५३२।७३ |
| पदाधिकारी खर्च | ६ | २४६३००।०० | ४०८५१४।०० |
| कार्यालय खर्च | ८ | २६६२४२४।०० | ७७०१५३।०० |
| आयोजना खर्च | | | |
| मर्मत सम्भार खर्च | ९ | ६५५९९०१।९६ | १५३९१८७।०१ |
| डिपबोरिङ खर्च | १० | ९६५९०२।०० | १२७९२१६।७५ |
| सम्पत्तिको ह्रास कट्टी | १७ | ११०९८९।५२ | ३४०५१।७९ |
| कर्जाको ब्याज भुक्तानी | ७ | २०४४५०७०।०० | ४०४१७१७४।०८ |
| जम्मा खर्च | | ३९१४३१४३।०१ | ५२३३०८२९।३६ |
| बचत रकम | | (३५१३२८६।३९ | (११७४९९०८।२१ |

अनुसुचि १ देखि ११ , १७ र १८ यस बिबरणका अभिन्न अंग हुन

का.प्रमुख | कोषाध्यक्ष | अध्यक्ष | लेखापरीक्षक

P.R. Lohani & Associates C"171" Registered Auditor

# बिदुर खानेपानी तथा सरसफाई उपभोक्ता संस्था

बिदुर, नुवाकोट

## बित्तिय स्थितिको बिबरण पत्र

३१ आषाढ २०८१ मा समाप्त भएको आर्थिक बर्षको

प्यान नं. ६१५४३८०५६

| दायित्वतर्फ | अनुसुचि | २०८०/०८१ | २०७९/०८० |
|---|---|---|---|
| भुक्तानी दिनुपर्ने रकम | ११ | २७५१८७१८।५१ | ३७१६२२२०।७६ |
| दीर्घकालिन कर्जा | १२ | २६४२१२५००।०० | २४७३६५२७९।०८ |
| संचितकोष | १३ | (१७२६८५२८।१५ | (११५९६१०५।२२ |
| **जम्मा दायित्व** | | २७४४६२६९०।३६ | २७२९३१३९४।६२ |
| सम्पत्तितर्फ | | | |
| पाउनुपर्ने रकम | १४ | २३६२७८३९१।३४ | २३२२९५७५१।३४ |
| नगद तथा बैंक मौज्दात | १६ | २०७१०७४८।०२ | २३१०८०४३।२८ |
| लगानी रकम (मुद्दती बैंक ) | १५ | १५९०००००।०० | १५९०००००।०० |
| गैरचालु सम्पत्ति | १७ | १५७३५५१।०० | १६२७६००।०० |
| **जम्मा सम्पत्ति** | | २७४४६२६९०।३६ | २७२९३१३९४।६२ |

लेखानीति तथा टिप्पणी १८

हाम्रो आजको मितिमा संलग्न प्रतिबेदनको आधारमा

का. प्रमुख    कोषाध्यक्ष    अध्यक्ष    लेखापरीक्षक





# बिदुर खानेपानी तथा सरसफाई उपभोक्ता संस्था

बिदुर, नुवाकोट

## आय बिबरण

२०८० श्रावण ०१ देखि २०८१ आषाढ मसान्तसम्मको

नेपाली रुपैयामा

| आम्दानीतर्फ | अनुसुचि | २०८०/०८१ | २०७९/०८० |
|---|---|---|---|
| पानी महशुल | १ | २०८१४७१२।५० | १७३६६४२८।०५ |
| अन्य संचालन आम्दानी | २ | १७८१२५१।१४ | १९३२०५४।५७ |
| अन्य निकाय सहयोग | ३ | २६३७३१०।०० | ६५७१२२७।०० |
| ब्याज आम्दानी | ४ | १४६५६२८।६८ | १९०६१४७।०० |
| गैर संचालन आय (अग्रिम दस्तूरबाट) | | १८०००००।०० | ७८५४०००।०० |
| **जम्मा आम्दानी** | | २८४९८९०२।३२ | ३५६२९८५६।६२ |
| **खर्चतर्फ** | | | |
| संचालन खर्च | | | |
| कर्मचारी खर्च | ५ | ९४४१००६।३३ | ८१५२५५५।५३ |
| पदाधिकारी खर्च | ६ | २६९५००।०० | २४६३००।०० |
| कार्यालय खर्च | ८ | १८३३१८८।०० | २६६२४२४।०० |
| आयोजना खर्च | | | |
| मर्मत सम्भार खर्च | ९ | ८३६६८०१।०० | ६५५९९०१।९६ |
| डिपबोरिङ खर्च | १० | १७३२५८०।०० | ९६५९०२।०० |
| सम्पत्तिको ह्रास कट्टी | १७ | १२६०९९।०० | ११०९८९।५२ |
| कर्जाको ब्याज भुक्तानी | ७ | १२४०२१५०।९२ | २०४४५०७०।०० |
| **जम्मा खर्च** | | ३४१७१३२५।२५ | ३९१४३१४३।०१ |
| **बचत रकम** | | (५६७२४२२।९३ | (३५१३२८६।३९ |

अनुसुचि १ देखि ११ , १७ र १८ यस बिबरणका अभिन्न अंग हुन

का. प्रमुख    कोषाध्यक्ष    अध्यक्ष    लेखापरीक्षक

पि.आर.लोहनी एण्ड एसोसिएट्स
रजिष्टर्ड अडिटर

पे.प्र.नं. ग १७१ फर्म दर्ता नं.:३२३३ सदसयता नं.:२९८०
मो.९८५१०६०७८८, प्यान नं. ५०००११४५८

श्री संचालक समिति
बिदुर खानेपानी तथा सरसफाई उपभोक्ता संस्था
विदुर नुवाकोट

स्वतन्त्र लेखापरीण प्रतिबेदन ।

**कैफियत सहितको मन्तव्य:**

हामीले बिदुर खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको (यस पछि "संस्था"भनिएको) को यसै साथ संलग्न २०८२ आषाढ ३२ मितिको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, कोषमा भएको परिवर्तन र प्रमुख लेखानीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु (यस पछि समग्रमा वित्तीयविवरणहरु भनिएको ) को लेखापरीक्षण सम्पन्न गरेका छौं ।

मन्तव्यको आधार शिर्षक अन्र्तगत समावेश भएका विषय बस्तुले पार्ने असर बाहेक हाम्रो रायमा र हामीले पाएको अधिकतम जानकारी तथा हामीलाई दिईएको स्पष्टीकरणहरु बमोजिम माथि उल्लेखित वित्तीय विवरणहरुले सारभूत रुपमा संस्थाको मिति २०८२ आषाढ ३२ को वित्तीय अवस्था तथा सो मितिमा अन्त्य भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब,नगद प्रवाह विवरण, कोषमा भएको परिवर्तन र प्रमुख लेखानीतिहरु तथा लेखा सम्वन्धी टिप्पणीहरु नेपाल बित्तिय प्रतिबेदनमान ( NFRS for SMEs ) का अधिनमा रही तयार गरिएको छैन ।

**कैफियत सहितको मन्तव्यका आधार:**

(क) संस्थाले आयोजना संचालन तथा मर्मत सम्भार र बिक्रीको लागि आवश्यक पर्ने सामानहरु ( मिटर, ,गेटभल्व, पाईप तथा फिटिङ) आदिको लेखांकन NFRS for SMEs को section 13 अनुसार गरिएको छैन । खरिद गरेकै समयमा खर्च लेखांकन गरेको र मौज्दातमा रहेको सामान समेत खर्चमा परेको देखियो । software मा Inventory को छुट्टै व्यवस्था नभएको स्टक लेजरमा मात्र रेकर्ड राखेकोले Software मा Inventory को Item code create गरी खरिद गरिने सबै सामान Inventory कायम गरेर मात्र खर्च लेखांकनको ब्यबस्था गरिनुपर्ने । ।

(ख) संस्थाले कर्मचारीहरुलाई प्रत्येक बर्ष १ महिनाको तलव बराबर रकम घर बिदा वापत नगदै भुक्तानी दिने गरेको र उपदानको लागि भनि वार्षिक ४।५ लाख रुपैया खर्च लेखि छुट्टै बैंकमा जम्मा गर्ने गरेको देखियो । संस्थामा २१ जना कर्मचारी कार्यरत रहेकोले सामाजिक सुरक्षाकोषमा आबद्ध हुनुपर्नेमा हाल सम्म आवद्ध भएको देखिएन र उनीहरुको उपदान तथा अन्य दीर्घकालिन सुविधाको लागि श्रम ऐन, सामाजिक सुरक्षा कोष ऐन तथा नेपाल बित्तिय प्रतिवेदनमान ( NFRS for SMEs ) ले तोके अनुसार ब्यबस्था तथा लेखांकन भएको देखिएन ।

(ग) विगत ५ बर्ष अघिदेखि तेश्रो साना सहरी खानेपानी तथा सरसफाई आयोजना लागु भई रु५८२७६३१०९/- अनुदान र रु२२०८७५३३६/- ऋण सहयोग गरी रु८०३६३८४४५/- को लागतमा बिदुर साना सहरी खानेपानी आयोजना संचालन भई सो को अवधि समाप्त भईसकेर पनि हालसम्म उक्त आयोजना हस्तान्तरण नभएको र उक्त आयोजनामा ऋण वापत संस्थाले खर्च गरेको रकम रु२२०८७५३३६/- पुजीकरण नगरी पाउनुपर्ने भनि हिसावमा राखिरहेको छ । साथै अनुदान वापतको रकमको लेखांकन गरेको छैन । अनुदान र





ऋण रकमको NFRS for SMEs को Section २४ र ११ अनुसार लेखांकन भएको छैन । यसले वित्तिय विवरणमा असर गरेको छ ।

(घ) कुनै निकायबाट प्राप्त अनुदान बाहेक आफ्नो कारोवारबाट प्राप्त हुन आउने संचालन वा गैर संचालन आम्दानीलाई जम्मा गर्ने बैंक खाता (राजस्व खाता) र संस्था संचालनको लागि गरिने खर्चहरुको लागि छुट्टै खर्च खाता खोलि वार्षिक बजेट तयार गरी सो को आधारमा निश्चित रकम राजस्व खाताबाट खर्च खातामा ट्रान्सफर गर्दै खर्च खाताबाट मात्र खर्च गर्ने प्रचलन गर्नुपर्नेमा संकलीत रकम जुनसुकै बैंकमा जम्मा गर्ने र आवश्यकता अनुसार खर्च गर्ने गरेको देखिन आयो भनि विगतमा दिईएका सुझावहरु कायान्वयन गरेको देखिएन ।

(ङ) हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान बमोजिम सम्पन्न गरेका छौं । ती मान बमोजिम हाम्रो जिम्मेवारी यसै प्रतिवेदनको "वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व"शीर्षक अन्तर्गत थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स सस्थाद्धारा जारी गरेको "द हयाण्ड् बुक अफ द कोड अफ इथिक्स् फर प्रोफेसनल एकाउन्टेन्ट्स बमोजिम हामी संस्थासंग स्वतन्त्र छौं र हामीले सो हयाण्ड बुक बमोजिमको अन्य नैतिक दायित्वको पालना गरेका छौं । हाम्रो लेखापरीक्षण प्रमाणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

**विषयउपर जोड - लेखाङ्कनको आधार**

वित्तीय विवरणहरु नेपाल लेखामान (NFRS for SMEs ) अनुसार तयार गरिएका छैनन । फलस्वरुप वित्तीय विवरणहरु अन्य प्रयोजनको लागि उपयुक्त नहुन पनि सक्दछन् । यस विषयले हाम्रो राय परिमार्जन भएको छैन । साथै संस्थाको कारोवार सुचना प्रविधि मार्फत संचालन भएको र डिजिटल भण्डारण हुने भएकोले कुनै पनि नियन्त्रण, त्रुटी, डाटाको गलत प्रयोग हुन सक्ने सम्भावनाले हामीले पहिचान गरेको र नियामक तथा अन्य निकायलाई उपलब्ध गराएको डाटाको गलत रिपोर्टिङ हुन सक्ने उच्च सम्भावनाको कारण हामीले सुचना प्रणालीलाई मुख्य लेखापरीक्षण ब्यहोराको रुपमा मानेका छौं । हामीले नमुनाको आधारमा कम्प्युटर सफ्टवेयरमा विवरणहरु चेक जाच गर्यौ । हामीले सुचना प्रणाली तथा सो को नियन्त्रण प्रणाली पर्याप्त रहेको पाएनौ । संस्थाले सुचना प्रणाली व्यवस्थापन नीति तयार गरी कार्यान्वयन गर्नुपर्ने ठान्यौ ।

**वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी वहन गरेकाको उत्तरदायित्व**

नेपाल बित्तिय प्रतिवेदनमान अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयारी एवम् प्रस्तुत गर्ने तथा सारभूत रुपमा त्रुटीरहित वित्तीय विवरण तयार गर्ने सम्बन्धि आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । वित्तिय विवरण तयार गर्दा व्यवस्थापनलाई संस्था विघटन गर्ने, संचालन बन्द गर्ने वा सो बाहेक व्यवहारिक बैकल्पिक विकल्प नभएको अवस्थामा बाहेक, संस्था निरन्तर संचालन हुने क्षमताको मूल्याङ्कन गर्ने, आवश्यक बमोजिम खुलासा गर्ने र निरन्तर संचालनमा आधारित लेखानीति प्रयोग गरि वित्तीय विवरण तयार गर्ने जिम्मेवारी संस्थाको व्यवस्थापनमा रहेको छ । संचालक समिति संस्थाको वित्तीय सम्प्रेषण प्रकियाको रेखादेखाको लागि जिम्मेवारी छ

**वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व**

वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटिरहित छ वा छैन भन्नेबारे उचित आश्वस्तता प्राप्त गर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हाम्रो उद्देश्य हो । उचित आश्वस्तता एक उच्च स्तरीय आश्वस्तता भएतापनि सारभूत त्रुटीहरु विद्यमान रहेको अवस्थामा समेत लेखापरीक्षणमान अनुरुपै गरिएको लेखापरीक्षणमा समेत उक्त सारभूत त्रुटीहरु सधैं पहिचान हुन्छन भन्ने आश्वस्तता रहदैन । गलत प्रस्तुति, वा त्रुटीबाट उत्पन्न हुन सक्दछन् र ती प्रस्तुतिहरुले वित्तिय विवरणको आधारमा प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयहरुलाई अलग अलग वा समग्ररुपमा प्रभाव पार्न सक्ने उचित अपेक्षा गरिन्छ भने, उक्त गलत प्रस्तुतिलाई सारभुत रुपमा गलत प्रस्तुति भनिन्छ ।

नेपाल लेखापरीक्षणमान अनुरुप लेखापरीक्षणको क्रममा हामी व्यवसायीक सन्देह कायम राखी पेशागत निर्णयको अभ्यास गर्दछौं । हामीले :

- वित्तिय विवरणमा त्रुटीबाट हुन सक्ने सारभूत गलत प्रस्तुतिहरुको जोखिम पहिचान तथा मूल्याङ्कन गरी ती जोखिमहरुको लागि प्रभावकारी लेखापरीक्षण प्रकियाहरु तर्जुमा गरि हाम्रो मन्तव्य प्रदान गर्ने आधारको लागि पर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण संकलन गर्दछौ । गलत प्रतिनिधित्व वा आन्तरिक नियन्त्रण प्रणलीको

मिचाई समावेश हुने भएकोले गल्तीहरुबाट हुने सारभूत गलत प्रस्तुतिहरुको पहिचान नलाग्ने जोखीम अधिक रहन्छ ।

- संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता सम्बन्धि राय व्यक्त गर्ने उद्देश्य नभई, लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा गर्नका लागि लेखापरीक्षणमा प्रासगिंक हुने संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौं
- व्यवस्थापनले प्रयोग गरेका लेखानीतिहरुको औचित्य, लेखा अनुमानको व्यावहारिकता तथा लेखा सम्बन्धि खुलासाहरुको मूल्याङ्कन गर्दछौं ।
- व्यवस्थापनले प्रयोग गरेको संस्थाको निरन्तरतामा आधारित लेखानीतिको औचित्यता तथा प्राप्त लेखापरीक्षण प्रमाणको आधारमा कुनै घटना वा अवस्थाहरुसंग सम्बन्धित सारभूत अनिश्चितताको कारणले संस्थाको व्यवसायीक निरन्तरताको क्षमतामा उल्लेख्य शङ्का उत्पन्न गर्न सक्ने अवस्थामा तथा हामीले सारभूत अनिश्चितता रहेको निष्कर्ष निकालेकोमा, लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणको सम्बन्धित खुलासा उपर ध्यानाकृष्ट गर्नुपर्दछ । यदि ती खुलासा अपर्याप्त भएमा, हाम्रो राय परिमार्जन गर्नुपर्दछ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित रहेको हुन्छ । तथापी भविष्यका घटना तथा अवस्थाहरुले संस्था अविच्छिन्न निकायको रुपमा नरहन सक्दछ ।
- वत्तीय विवरणको समग्र प्रस्तुतीकरण ढांचा र खुलासा सहितको विषयवस्तु तथा अर्न्तनिहित कारोवार एवंम घटनाहरुलाई वित्तीय विवरणमा निष्पक्ष रुपमा प्रस्तुतिकरण गरे नगरेको मूल्याङ्कन गर्दछौं । हामीले वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकोहरुलाई अन्य विषयका अतिरिक्त, लेखापरीक्षण कार्ययोजना, समय तालिका र महत्वपूर्ण लेखापरीक्षण खोजहरु लगायत सहकारीको आन्तरिक नियन्त्रण प्रणालीमा रहेको महत्वपूर्ण कमी कमजोरीहरुको जानकारी गराउदछौं ।

शुशासनको जिम्मेवारी बहन गरेकाहरुलाई प्रासंगिक नैतिक आवश्यकताहरु पालना गरेको जानकारी सहितको विवरण र हाम्रो स्वतन्त्रतामा उल्लेख्य प्रभाव पार्न सक्ने मानिएका सबै सम्बन्ध तथा अन्य कुराहरु साथै सो सम्बन्धि प्रतिरोध बारेमा समेत जानकारी गराउंदछौं ।

**लेखापरीक्षकको राय:**

यो प्रतिवेदनसंग सम्बन्धित संलग्न वासलात, आयविवरण, नाफा नोक्सान हिसाब, स्वपुजीमा भएको परिवर्तन विवरण, नगद प्रवाह विवरण र संलग्न टिप्पणी तथा अनूसूचिहरु GAAP का आधारमा तयार भएको र ICAN ले जारी गरेको NFRS for SMEs अनुसार तयार नभएको तथा हामीले कैफियत सहितको मन्तव्य आधार शिर्षकमा उल्लेख गरेको कुराहरुले प्रभाव पार्ने भएकोले संस्थाको हिसाव किताव ठिक दुरुस्त रहेको भएपनि यसले बास्तविक आर्थिक स्थितिको चित्रण गरेको छैन ।

स्थान: बिदुर ०२, नुवाकोट
मिति: २०८२/०७/३०
UDIN: 251116RA02980JHLfW

पुष्पराज लोहनी
प्रोप्राईटर



कार्यक्रम तथा प्रगति विवरण-२०८२

**१ लेखापरीक्षण पहुच:**

हामीले आफ्नो लेखापरीक्षण नेपाल बित्तिय प्रतिबेदनमान ( NFRS for SMEs ) को आधारमा सम्पादन गर्न समितिले आफ्नो कारोबारहरुको श्रेष्ता तथा अभिलेखहरु नेपाल बित्तिय प्रबिदनमान अनुसार तयार ग परम्परागत र बिगतमा स्विकारी आएको अभिलेख प्रणालीका आधारमा अभिलेख राखिएकोले सोही ‌ बिबरणहरु तयार गरिएका छन । तर लेखापरीक्षकले नेपाल लेखामानहरु अनुसार नैतीक आबश्यकताहरुको पा बित्तीय बिबरणहरु सारभुत गलत प्रस्तुतीबाट मुक्त छन भनी मनासिब आसश्वता प्राप्त गर्ने गरी लेखापरी तर्जुमा र कार्यसम्पादन गरिएको हुन्छ । लेखापरीक्षण अन्तर्गत बित्तीय बिबरणमा भएका रकम र खुलासाहरु प्राप्त गर्न अवलम्बन गरिने कार्यबिधिको सम्पादन पर्दछ । त्यसरी छनोट गरिएका कार्यबिधिहरु भुलचुक वा सक्ने सारभूत गलत प्रस्तुतीको जोखिमको मुल्याङ्कन लगायत लेखापरीक्षकको बिबेकमा भर पर्दछ । लैखाप प्रयोग गरिएका लेखा नीतिहरुको उपयुक्तता र व्यबस्थापनले गरेको लेखा अनुमानहरुको औचित्यको मु बित्तीय बिबरणहरुको समग्र प्रस्तुतीको मुल्याङ्कन पनि समावेस हुन्छ ।

लेखापरीक्षकको उद्देश्य बित्तीय बिबरणहरु र निश्चित स्थानमा भुलचुकका कारणले देखिने सारयुक्त गलत जोखिमको पहिचान र निर्धारण, निकाय र यसको बाताबरण तथा आन्तरिक नियन्त्रणको पुर्ण जानकारीका सारयुक्त गलत बिबरणहरुका जोखिम हटाउनको लागि आधारहरु तयार पार्ने र कार्यान्वयन गर्नुपर्ने हुन्छ । य पहिचान र निर्धारण गर्न अबलोकन, जाच र पुष्टिकरण, गणना र बिश्लेषणात्मक प्रकृया अपनाईएको छ ।

**२. बजेट तयारी र स्वीकृति:**

समितिको प्रत्येक ३ बर्षमा कार्य समिति चयनको समयमा मात्र साधारण सभा हुने गरेकोले बार्षिक बजेट तर्जुमा गरी प्रत्येक बर्ष साधारण सभाबाट स्विकृत गराएको देखिदैन अन्य समयमा सार्बजनिक सुनुवाई मार्फत आय ब्यय सार्बजनिक गर्ने गरेको , समितिको बैठकबाट रकम बिनियोजन गरी खर्च गर्ने गरेको देखिन्छ । आम्दानी भएको रकम बैंक दाखिला गर्दै आवश्यकता अनुसार खर्च गर्ने गरेको देखिन्छ । आम्दानीलाई राजस्व मानि छुट्टै बैंक खानामा जम्मा गर्ने र बार्षिक बजेट तयार गरी साधारण सभाबाट स्विकृत गराएर सो अनुसार बजेट खर्च खातामा रकम ट्रान्सफर गरी सोहि खाताबाट खर्च गर्नुपर्नेमा सो भएको देखिदैन ।

**३ सम्पत्ति तथा सरसामान खरिद**

समितिले सम्पत्ति तथा सरसामान खरिदको लागि खरिद नीति बनाएको पाइयो । संस्थामा प्रयोग हुने बिभिन्न सरसामान खरिदको लागि उपसमिति गठन गरी उक्त उपसमितिबाट कोटेशन माग गरी कम दररेटमा प्राप्त कोटेसनबाट सामान खरिद गर्ने गरेको देखियो ।

**४. पुंजीकृत नगरिने सम्पत्ति :**

प्रति इकाई कति रुपैयासम्मको लागत पर्ने सम्पत्तीहरुलाई खरिद गर्दाको समयमानै खर्चको रुपमा लेखांकन गर्ने पद्धती अवलम्बन गर्ने भन्ने कुनै नीति बनेको र प्रयोग भएको देखिन आएन ।

**५ मुख्य आम्दानी :**

उपभोक्ता समितिको मुख्य आम्दानी उपभोक्ताबाट असुल हुने पानी महशुल , संचालन अनुदान र मुद्धती बचतबाट प्राप्त ब्याज आम्दानीको श्रोतको रुपमा रहेको छ । पानी महशुललाई एकुरल आधारमा लेखांकन गरिएको छ । हाल बिद्युतिय माध्यम (सफ्टवेयर) मा लेखा राखिएको देखिन्छ । संस्थाको आम्दानी अनुसुचि १ देखि ४ मा उल्लेख गरे अनुसार रहेको छ ।

**६) भुक्तानी दिनुपर्ने रकम:**

अनुसुचि ११ मा उल्लेख भए अनुसार उपभोक्ता समितिले भुक्तानी दिनुपर्ने बिभिन्न रकमहरु रहेका छन् मिति २०८०।०१।०४ मा आयोजना ब्यबस्थापन कार्यालय पानीपोखरी, परामर्शदाता, निर्माण व्यवसायी र समिति

बिच भएको बैठकको नि.नं.२ अनुसार मर्मत सम्भार शिर्षकमा भएको खर्च मध्ये रु१६७८९९५।६५ निर्माण व्यवसायीले बहन गर्नुपर्ने भनि सहमती भएको र उक्त रकम दाखिला हुन नआएमा निजलाई भुक्तानी दिन बाकी धरौटीबाट मिलान गर्नुपर्ने शर्त रहेकोमा उक्त रकम यस अवधिमा दाखिला नभएकोले धरौटीमा मिलान भएको देखियो ।

**७) पाउनुपर्ने रकम:**

अनुसुचि १४ मा उल्लेख भए अनुसारको रकम पाउन बाकी रकममा लेखांकन भएको र त्यस मध्ये आयोजना सम्पन्न गर्नको लागि समितिले ब्यहोर्नुपर्ने रकम मध्येबाट हाल सम्म निर्माण कम्पनीलाई उपलब्ध गराएको रकम रु २२०८७५३३६।३४ समेत पाउन बाकीमा लेखांकन भएको देखिन्छ । बिगत बर्षमा बि.न.पा.१ ढुङ्गेमा डिप बोरिङ निर्माण गरेको सम्पुर्ण लागत कोभेक, तुन्दी, रसुवा जे.भि.ले ब्यहोर्ने दुई पक्षबिच सहमती भएको, उक्त कार्यमा रु१४७७०५६।९० खर्च भएको बिल भपाई समितिले उक्त निर्माण व्यवसायीलाई पेश गरेकोमा उक्त अवधिमा रु1000000/ मात्र प्राप्त भई रु४७७०५६।९० पाउन बाकी रहेकोमा हाल सम्म प्राप्त भएको देखिएन । उक्त रकम पाउनूपर्ने हिसावमा समावेस गरिएको छैन ।

**८) लगानी रकम:**

अनुसुचि १५ मा उल्लेख गरिए अनुसारको 10000000।00/- लगानी रकम लक्ष्मी सनराइज बैंकमा रहेको मुद्धती निक्षेप रहेको छ । समितिले उपभोक्ता धरौटी तथा आयोजनाको लागि अग्रिम लिएको रकम बिभिन्न बैंकहरुमा १ बर्ष वा सो भन्दा बढी अवधिको लागि मुद्धतीमा राखेको र उक्त रकमबाट ३३ महिनामा ब्याज प्राप्त हुने गरेको छ । यस बर्ष उक्त रकमबाट रु८३१४९३/- (Net) ब्याज आम्दानी लेखांकन गरिएको छ । गत बर्ष भन्दा ५९ लाख मुद्धती निक्षेप र रु१०७४६५४/- मुद्धतीको ब्याज आम्दानी घटेको देखिन्छ

**९) बैंक तथा नगद मौज्दात:**

समितिको अनुसुचि १६ मा उल्लेख भए अनुसार बिभिन्न बैंकहरुमा रहेको रु२५४७१६३५/-/ मौज्दात रहेको छ । नगद मौज्दात रु६०५२२/- रहेको छ ।

**१०. कर तथा अग्रिम कर:**

उपभोक्ता समिति हाल प्यान दर्ता भएको , यस बर्षको कारोवार घाटामा रहेकोले आयकर व्यवस्था गर्नुपर्ने देखिन आएन । आर्थिक ऐन २०७७ ले यस्ता समितिहरुलाई आयकर नलाग्ने ब्यवस्था गरेको छ । समितिले आयकर छुटको प्रमाणपत्र लिनुपर्ने देखिन्छ । अन्य TDS हरु मा तपसिल अनुसारको रकम कट्टी गरी राजस्व खातामा दाखिला गरेको देखिन आयो ।

बैठक भत्ता कर:रु५१२५५/- लेखापरीक्षण कर:रु३७५०/- आपुर्तीकर्ता TDS: रु२६७४७५/-

निर्माण व्यवसाय कर: रु१२४६२/- सामाजिक सेवाकर:रु८८७९५/- ६.५ प्रतिसत भ्याट:रु५५७५४२/-

कर्मचारीहरुको आयकर लाग्ने करयोग्य आय देखिन आएन ।

**११ स्थिर सम्पती :**

समितिको स्वामित्वमा रहेका जग्गा तथा फर्निचरहरुको आयकर ऐन २०५८ अनुसार ऐनमा भएको भन्दा कम दरमा ह्रास कट्टी गरिएको छ । हाल समितिको कार्यालय सञ्चालनको लागि स्वामित्व नभएको जग्गामा आयोजनाले नया भवन निर्माण गरिदिएको देखिन्छ र सो को लागत समेत आयोजनाको लागतमा नै समावेस गरिएको छ । आयोजना निर्माणको हालसम्म भुक्तानी भएको लागत रकमलाई सम्पतिमा लेखांकन गरेको छैन ।

**१२) सदस्यता तथा धारा जडान :**

समितिले २०८२ असोज मसान्त सम्म ४७२१ धारा जडान गरेको मध्ये ४९ बुटाको [illegible] भएको ६८ वटा बन्द भएको र ४६५३ वटा धारा चालु रहेको देखिन्छ । साथै ११२ वटा धाराको [illegible] रकम भुक्तानी भई जडान





हुन बाकी रहेको देखियो । तेश्रो साना सहरी खानेपानी आयोजनाको लागि ६२७२ जनासंग पछि धारा जडान गर्नेगरी अग्रिम रकम लिएको मध्ये २०१७ जनाको धारा सुचारु गरी Bill Gererate हुन बाकी रहेको देखिन्छ ।

**१३. बक्यौता बाकी:**

समितिले जडान भएका धाराहरुको उपभोक्तावाट रु१४७४१४७९/ असुल गर्न बाकी रहेको र उक्त रकम आय बिवरणमा समावेस गरिएको छ । साथै उक्त बक्यौता रकम अधिल्लो बर्षको भन्दा करीव ३४ लाखले बढी भएकोले बक्यौता असुलीमा पहल हुन आवश्यक देखिन्छ ।

**१४ श्रम अडिट र योगदानमा आधारित सामाजिक सुरक्षा कोष:**

समितिमा २१ जना कर्मचारी कार्यरत रहेको र श्रम ऐन २०७४ को दफा १०० अनुसार प्रत्येक प्रतिष्ठानले तोकिएको ढाचामा श्रम अडिट गर्नुपर्ने ब्यवस्था भएकोमा सो भएको पाईएन । साथै सामाजिक सुरक्षा कोष नियमावलीको परिच्छेद ३ अनुसार योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सुचिकरण सम्बन्धी प्रकृया अघि बढेको देखिन आएन ।

**१५ प्यान दर्ता र खातामा रकम भुक्तानी:**

प्रत्येक कर्मचारीले प्यान दर्ता हुनुपर्ने र पारिश्रमिक भुक्तानी गर्दा बैंक खातामा जम्मा हुने गरी भुक्तानी हुनुपर्ने ब्यवस्था भएकोमा तलब बैंक खातामा जम्मा गर्ने ब्यवस्था भएको तर सबै कर्मचारीको प्यान भएको बिवरण उपलब्ध हुन आएन ।

**१६. लेखापरीक्षण अवधिपछिको अवस्था :**

उल्लेख तथा समायोजन गर्नुपर्ने केहि नभएको ।

**१७. सम्बन्धीत पक्ष खुलासा:**

नियुक्ति मिति:: २०७९। ०५।२४

| क.स.. | नाम | सम्बन्ध | लिएको भत्ता | अन्य सुबिधा |
|---|---|---|---|---|
| १ | श्री संजिव बहादुर श्रेष्ठ | अध्यक्ष | | |
| २ | श्री नवराज न्यौपाने | उपाध्यक्ष | | |
| ३ | श्री राजेन्द्र पाण्डे | सचिव | | |
| ४ | श्री अम्बिका चित्रकार | कोषाध्यक्ष | | |
| ५ | श्री बिष्णुमाया डंगोल | महिला सदस्य | | |
| ६ | श्री सीता अधिकारी | महिला सदस्य | | |
| ७ | श्री कृष्ण प्रसाद भट्ट | सदस्य | | |
| ८ | श्री दिपक बहादुर तिमल्सिना | सदस्य | | |
| ९ | श्री लव प्रसाद न्यौपाने | सदस्य | | |
| १० | श्री राजकुमार तिमल्सिना | कार्यालय प्रमुख | | |

लेखापरीक्षणको क्रममा संचालक समितिका पदाधिकारीहरुले प्रति बैठक रु १५००/- बैठक भत्ता लिने गरेको र सो बाहेक अन्य सुविधा लिएको नदेखिएको ।

**१८. अन्य खुलासाहरु**

क) हामीले लेखापरीक्षण गर्न आवश्यक सूचना, स्पष्टिकरण, कैफियत कुराहरुको स्पष्ट [illegible] सन्तोषजनक रुपमा प्राप्त भयो ।

ख) रु१०००० ⁄- भन्दा बढी महशुल बक्यौता हुने ग्राहक संख्या अघिल्लो बर्ष ४२४ जना रहेकोमा यस बर्ष ७१२ जना पुगेको देखिएकोले विनियममा भएको व्यवस्था अनुसार सेवा बन्द गरी पानी महशुल बापतको बक्यौता रकम असुलीको लागि आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।

ग) समितिमा रहेका पदाधिकारी तथा निजको परिवारको नाममा जडान भएका धाराहरुको बक्यौता बाकी रहेको देखिन आएन

साना तथा मझौला संस्थाको लागि लागु गरिएको नेपाल बित्तिय प्रतिबेदनमान ( NFRS for SMEs ) को प्रयोग नगरे वापत पर्ने प्रभाव तथा माथि उल्लेखित बुदाहरुको प्रभाव बाहेक हाम्रो रायमा तथा हामीले पाएसम्मको सूचना एवं स्पष्टीकरणको आधारमा संलग्न वित्तीय विवरणहरु र सोमा संलग्न गरिएका टिप्पणीहरु अध्ययन गर्दा, यी विवरणहरुले ३२ आषाढ २०८२ (१६ जुलाई २०२५) को संस्थाको वित्तीय अवस्था र सोही मितिमा समाप्त भएको अवधिको संचालन नतिजा एवं नगद प्रवाहको उचित तथा यथार्थ चित्रण गर्दछ । लेखापरीक्षणको सिलसिलामा संस्थाका पदाधिकारी वा कर्मचारीले माथि उल्लेखित कैफियत बाहेक नियम बिरुद्ध हुने गरी कुनै कामकाज गरेको वा रकम हिना मिना गरेको भन्ने कुराको बारेमा कुनै पक्षबाट समेत जानकारी हुन आएन । संस्थाको बित्तीय बिबरणहरु नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरिएको नेपाल बित्तीय प्रतिबेदन मान ( NFRS for SMEs ) अनुरुप तयार नभएकोले सो उपर राय व्यक्त गर्न हामी असमर्थ छौं ।

लेखापरीक्षक

P.R. Lohani & Associates
Cop No: C171
Firm Reg. No. 3233
Ican Membership No. 2980





# बिदुर खानेपानी तथा सरसफाई उपभोक्ता संस्था

बिदुर नुवाकोट

## बित्तिय स्थितिको बिवरण पत्र

### ३२ आषाढ २०८२ मा समाप्त भएको आर्थिक बर्षको

प्यान नं. ६१५४३८०५६

| दायित्वतर्फ | अनुसुचि | यस बर्ष | गत बर्ष |
|---|---|---|---|
| भुक्तानी दिनुपर्ने रकम | ११ | ३११९५३८४।९० | २७५१८७१८।५१ |
| दीर्घकालिन कर्जा | १२ | २७९२७७९५०।८७ | २६४२१२५००।०० |
| संचितकोष | १३ | (२०७०१७३९।९७ | (१७२६८५२८।१५ |
| जम्मा दायित्व | | २८९७७१५९५।८० | २७४४६२६९०।३६ |
| सम्पत्तितर्फ | | | |
| पाउनुपर्ने रकम | १४ | २५२७५४९४४।९८ | २३६२७८३९१।३४ |
| नगद तथा बैंक मौज्दात | १६ | २५५३२१५६।८२ | २०७१०७४८।०२ |
| लगानी रकम (मुद्दती बैंक ) | १५ | १००००००००।०० | १५९०००००।०० |
| गैरचालु सम्पत्ति | १७ | १४८४४९४।०० | १५७३५५१।०० |
| जम्मा सम्पत्ति | | २८९७७१५९५।८० | २७४४६२६९०।३६ |

लेखानीति तथा टिप्पणी १८

हाम्रो आजको मितिमा संलग्न प्रतिवेदनको आधारमा

का.प्रमुख कोषाध्यक्ष अध्यक्ष लेखापरीक्षक

P.R. Lohani & Associates
Cop No: C171
Firm Reg. No. 3233
Ican Membership No. 2980

# बिदुर खानेपानी तथा सरसफाई उपभोक्ता संस्था

बिदुर नुवाकोट

## आय बिवरण

२०८१ श्रावण ०१ देखि २०८२ आषाढ मसान्तसम्मको

नेपाली रुपैयामा

| आम्दानीतर्फ | अनुसुचि | यस बर्ष | गत बर्ष |
|---|---|---|---|
| पानी महशुल | १ | २०८४२७०९।७५ | २०८१४७१२।५० |
| अन्य संचालन आम्दानी | २ | ४४५८१७४।३३ | १७८१२५१।१४ |
| अन्य निकाय सहयोग | ३ | १२९९१७२।१७ | २६३७३१०।०० |
| ब्याज आम्दानी | ४ | ८३१४९२।९३ | १४६५६२८।६८ |
| गैर संचालन आय (अग्रिम दस्तूरबाट) | | ९२२०००।०० | १८०००००।०० |
| जम्मा आम्दानी | | २८३५३५४९।१८ | २८४९८९०२।३२ |
| **खर्चतर्फ** | | | |
| संचालन खर्च | | | |
| कर्मचारी खर्च | ५ | ९५३५४९४।८४ | ९४४१००६।३३ |
| पदाधिकारी खर्च | ६ | ४५२२००।०० | २६९५००।०० |
| कार्यालय खर्च | ८ | २१७२९८२।०० | १८३३१८८।०० |
| आयोजना खर्च | | | |
| मर्मत सम्भार खर्च | ९ | ४७९९३२७।०० | ८३६६८०१।०० |
| डिपबोरिङ खर्च | १० | १२३३९००।०० | १७३२५८०।०० |
| सम्पत्तिको ह्रास कट्टी | १७ | ११२०५७।०० | १२६०९९।०० |
| कर्जाको ब्याज भुक्तानी | ७ | १३४८०८००।१६ | १२४०२१५०।९२ |
| जम्मा खर्च | | ३१७८६७६१।०० | ३४१७१३२५।२५ |
| बचत रकम | | (३४३३२११।८२ | (५६७२४२२।९३ |

अनुसुचि १ देखि ११ , १७ र १८ यस बिवरणका अभिन्न अंग हुन

का.प्रमुख        कोषाध्यक्ष        अध्यक्ष        लेखापरीक्षक

Cop No: C171
Firm Reg. No. 3233





# बिदुर खानेपानी तथा सरसफाई उपभोक्ता संस्था

बिदुर नुवाकोट

## नगद प्रवाह बिवरण

३२ आषाढ २०८२ मा समाप्त भएको आर्थिक बर्षको

| बिवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|
| संचालन गतिबिधिबाट नगद प्रवाह | | |
| बर्षको बचत | (३४३३२११।८२ | (५६७२४२२।९३ |
| ह्रास कट्टी समायोजन | ११२०५७।०० | १२६०९९।०० |
| बिभिन्न ब्यबस्थाहरु | | |
| **कार्यशिल पुजीमा भएको परिवर्तन अधिको प्रवाह** | (३३२११५४।८२ | (५५४६३२३।९३ |
| कार्यशिल पुजीमा भएको परिवर्तन | | |
| भुक्तानी दिनुपर्ने रकममा भएको बृद्धि(कमि) | ३६७६६६६।३९ | (९६४३५०२।२५ |
| पाउनुपर्ने रकममा भएको (बृद्धि) कमी | (१६४७६५५३।६४ | (३९८२६४०।०० |
| **कार्यशिल पुजीबाट भएको नगद प्रवाह** | (१२७९९८८७।२५ | (१३६२६१४२।२५ |
| **संचालन गतिबिधिबाट नगद प्रवाह** | (१६१२१०४२।०७ | (१९१७२४६६।१८ |
| लगानी गतिबिधिबाट भएको नगद प्रवाह | | |
| लगानीमा भएको (बृद्ध) कमि | ५९००००००।०० | ०।०० |
| गैर चालु सम्पत्तिमा भएको (बृद्धि) कमि | (२३०००।०० | (७२०५०।०० |
| **लगानी गतिबिधिबाट भएको नगद प्रवाह** | ५८७७०००।०० | (७२०५०।०० |
| बित्तिय गतिबिधिबाट भएको नगद प्रवाह | | |
| कोष/ अनुदानमा भएको बृद्धि (कमी) | | |
| तिनुपर्ने ऋणमा भएको बृद्धि (कमि) | १५०६५४५०।८७ | १६८४७२२०।९२ |
| **बित्तिय गतिबिधिबाट भएको नगद प्रवाह** | १५०६५४५०।८७ | १६८४७२२०।९२ |
| यस बर्षको कारोबारबाट भएको खुद नगद प्रवाह | ४८२१४०८।८० | (२३९७२९५।२६ |
| गत बर्षको मौज्दात अल्या | २०७१०७४८।०२ | २३१०८०४३।२८ |
| **यस बर्षको खुद नगद प्रवाह** | २५५३२१५६।८२ | २०७१०७४८।०२ |

का.प्रमुख        कोषाध्यक्ष        अध्यक्ष        लेखापरीक्षक

Cop No: C171
Firm Reg. No. 3233

# बिदुर खानेपानी तथा सरसफाई उपभोक्ता संस्था

बिदुर नुवाकोट

## कोषमा भएको परिवर्तन बिबरण

### ३२ आषाढ २०८२ मा समाप्त भएको आर्थिक बर्षको

| बिबरण | संचित कोष | पुजीगत कोष | अन्यकोषहरु | जम्मा |
|---|---|---|---|---|
| शुरु मौज्दात | (१७२६८५२८।१५ | | | (१७२६८५२८।१५ |
| बर्षको बचत (नोक्सानी) | (३४३३२११।८२ | | | (३४३३२११।८२ |
| पुजीगत अनुदान प्राप्त | | | | ०।०० |
| प्रतिबन्धीत जगेडाको बाडफाड | | | | ०।०० |
| सम्बन्धीत कोषहरुको बचत (नोक्सान) | (२०७०१७३९।९७ | ०।०० | ०।०० | (२०७०१७३९।९७ |
| अनुबन्धीत जगेडाको परिणम बाडफाड | | | | ०।०० |
| एन्डोमेन्ट कोषको परिणाम बाडफाड | | | | ०।०० |
| पुजीकोषको परिणाम बाडफाड | | | | ०।०० |
| अन्तिम मौज्दात | (२०७०१७३९।९७ | ०।०० | ०।०० | (२०७०१७३९।९७ |

का.प्रमुख कोषाध्यक्ष अध्यक्ष लेखापरीक्षक

P.R. Lohani & Associates
Cop No: C171
Firm Reg. No. 3233
Ican Membership No.1989





# बिदुर खानेपानी तथा सरसफाई उपभोक्ता संस्था

बिदुर नुवाकोट

## बैंक हिसाव मिलान बिबरण

### ३२ आषाढ २०८२ मा समाप्त भएको आर्थिक बर्षको

१. लक्ष्मी सनराईज बैंक लि

| बिबरण | चेक नं. | रकम |
|---|---|---|
| क्यासबुक अनुसारको मौज्दात | | २४१३७८०।२५ |
| जोड, चेक जारी भएको तर सटहि नभएको | ३४६२८ | ५३९५।०० |
| | ३४६३० | ७६२२।०० |
| | | |
| | | |
| बैंक स्टेटमेन्ट अनुसारको मौज्दात | | २४२६७९७।२५ |

का.सचिव कोषाध्यक्ष अध्यक्ष लेखापरीक्षक

P.R. Lohani & Associates
Cop No: C171
Firm Reg. No. 3233
Ican Membership No.1989

# बिदुर खानेपानी तथा सरसफाई उपभोक्ता संस्था

बिदुर नुवाकोट

## बित्तिय बिबरणका आंगिक अनुसुचिहरु

आर्थिक बर्ष २०८१।०८२

### अनुसुचि १ महशुल आम्दानी

| बिवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|
| पानी महशुल आम्दानी | २१५९०२७०।०० | २१४६५२४०।०० |
| घटाउ, छुट तथा सहुलियत दिएको | ७४७५६०।२५ | ६५०५२७।५० |
| जम्मा पानी महशुल | २०८४२७०९।७५ | २०८१४७१२।५० |

महशुल आम्दानीमा उधारो पाउन बाकी रकम रु१४७४१४७९ समेत समावेस छ ।

### अनुसुचि २ अन्य संचालन आय

| बिवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|
| निबेदन शुल्क | २३०।०० | १३५०।०० |
| सदस्यता शुल्क | २६६००।०० | ४१९००।०० |
| महशुल कार्ड बिक्री | ३६२००।०० | ६६५५०।०० |
| धारा जडान शुल्क | २१०५००।०० | १६७५००।०० |
| मिटर बिक्री | २०६०००।०० | १३८५००।०० |
| मर्मत सुधार आय | २५८०१०।०० | १९२९७५।०० |
| सदस्यता नविकरण शुल्क | ४१४७०।०० | ३५५६०।०० |
| परिचय पत्र बिक्री | २६६००।०० | ४१९००।०० |
| टुटी बिक्री | | ९००।०० |
| नया धारा दर्ता | ११४००।०० | ७९५०।०० |
| धारा नामसारी | ५३४००।०० | ६८७००।०० |
| फिटिङ सामान बिक्री | १३०३३८।०० | ५११४०।०० |
| गेटभल्भ बिक्री | २७१६५।०० | ७८३९५।०० |
| धारा ठाउसारी | ५०००।०० | ३०००।०० |
| मर्मत सम्भार कोष | २२३७१९५।६५ | |
| महशुल हर्जना | ११३७००३।६४ | ८७२६९८।९५ |
| अन्य आम्दानी | ५१०६२।०४ | १२२६२।१९ |
| जम्मा संचालन आय | ४४५८१७४।३३ | १७८१२५१।१४ |

### अनुसुचि ३ चन्दा सहयोग आम्दानी

| बिवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|
| बिदुर नगरपालिका | | १६९४२००।०० |
| खानेपानी डिभिजन कार्यालय | १२९९१७२।१७ | ८९२११०।०० |
| अन्य निकाय | | ५१०००।०० |
| जम्मा सहयोग आम्दानी | १२९९१७२।१७ | २६३७३१०।०० |

का. प्रमुख     कोषाध्यक्ष     अध्यक्ष     लेखापरीक्षक

P.R. Lamsal & Associates
Cop No: C171
Firm Reg. No. 3233
Ican Membership No.2939





बिदुर खानेपानी तथा सरसफाई उपभोक्ता संस्था

बिदुर नुवाकोट

बित्तिय बिबरणका आंगिक अनुसुचिहरु

आर्थिक बर्ष २०८१।०८२

### अनुसुचि ४ ब्याज आम्दानी

| बिवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|
| बिभिन्न बैंकबाट प्राप्त ब्याज | ९७७६६२।०८ | १६९२७५७।८२ |
| ब्याजकर कट्टी | १४६१६९।१५ | २२७१२९।१४ |
| खुद ब्याज आम्दानी | ८३१४९२।९३ | १४६५६२८।६८ |

ब्याज आम्दानीमा मुद्धती निक्षेपबाट प्राप्त ब्याज समेत समावेस छ ।

### अनुसुचि ५ कर्मचारी खर्च

| बिवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|
| तलब भत्ता खर्च | ७६९३३५१।३४ | ७६८५७८६।३३ |
| उपदान खर्च | ५०००००।०० | ४०००००।०० |
| चाडबाड खर्च | ६०९३९३।०० | ६०३९६०।०० |
| भत्ता खर्च | ७५७००।०० | १४२७००।०० |
| संचित बिदा रकम | ५७३८१०।५० | ५३५९६०।०० |
| फिल्ड भत्ता | ८३२४०।०० | ७२६००।०० |
| जम्मा कर्मचारी खर्च | ९५३५४९४।८४ | ९४४१००६।३३ |

### अनुसुचि ६ पदाधिकारी खर्च

| बिवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|
| समितिको बैठक भत्ता | २४३०००।०० | २३१५००।०० |
| उपसमितिको बैठक भत्ता | २३०००।०० | ३८०००।०० |
| अध्ययन अवलोकन खर्च | १८६२००।०० | |
| जम्मा पदाधिकारी खर्च | ४५२२००।०० | २६९५००।०० |

समिति , उपसमिति बैठक भत्तामा नियमानुसार कर कट्टी गरिएको छ ।

### अनुसुचि ७ ब्याज खर्च

| बिवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|
| साना सहरी ऋणको ब्याज | १३४८०८००।१६ | १२४०२१५०।९२ |
| जम्मा ब्याज खर्च | १३४८०८००।१६ | १२४०२१५०।९२ |

ब्याज खर्च मध्ये रु४२९८४९१/ भुक्तानी दिन बाकी रहेको छ ।

का. प्रमुख     कोषाध्यक्ष     अध्यक्ष     लेखापरीक्षक

P.R. Lamsal & Associates
Cop No: C171
Firm Reg. No. 3233
Ican Membership No.2939

# बिदुर खानेपानी तथा सरसफाई उपभोक्ता संस्था

बिदुर नुवाकोट

## बित्तिय बिबरणका आंगिक अनुसुचिहरु

आर्थिक बर्ष २०८१।०८२

### अनुसुचि ८ कार्यालय खर्च

| बिवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|
| हुलाक, मालपोत र बैंक चार्ज | ७८०।०० | २०५०।०० |
| बिद्युत तथा संचार खर्च | ९०७६४।०० | १०७०८९।०० |
| लेखापरीक्षण खर्च | २५०००।०० | २५०००।०० |
| मसलन्द, छपाई तथा पत्रपत्रिका खर्च | १८०९७४।०० | १६९२०६।०० |
| बृक्षारोपण खर्च | | ५७७२०।०० |
| प्राथमिक उपचार खर्च | १००४५।०० | ४१९८।०० |
| पाईप औजार तथा उपकरण खरिद | ४४२७३६।०० | ३७९३२९।०० |
| बैठक चिया खाजा खर्च | ३८७६५।०० | ४३३८५।०० |
| सवारी तथा इनधन खर्च | १२४२००।०० | १७२६४०।०० |
| अतिथि सत्कार खर्च | ४१९७५।०० | ६३१५०।०० |
| बीमा खर्च | ४१०४०।०० | ३१०४०।०० |
